साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक १५ २०८१ कात्तिक २७ गते मंगलबार (Nov. 12, 2024) मूल्य रू. १०/-

## एसपीपीमा सहमति हुने आशंका !!



अमेरिकी दूतावासले भनेको छ- *अमेरिकी दूतावास काठमाडौं अमेरिकी सेनाका तीन-तारे लेफ्टिनेन्ट जनरल तथा इन्डो-प्यासिफिक कमाण्डका उपकमाण्डर जशुआ एम. रडलाई नेपालमा स्वागत गर्दछ। लेफ्टिनेन्ट जनरल रडले यस हप्ता २४९औं U.S. Marine Corps Ball कार्यक्रममा अतिथिको रूपमा भाग लिनुहुनेछ र आफ्नो भ्रमणको क्रममा नेपाल सरकारका अधिकारीहरू र नेपाली सेनासँग भेट गर्नुहुनेछ।* तर एमसीसी विरोधका नाममा समर्थन गर्नेहरू राजनीति स्वार्थका लागि प्रम केपी ओली एसपीपीमा सही गर्ने भनिरहेका छन् ।

नेपाल अमेरिका सम्बन्ध सुमधुर छ, यो सम्बन्ध धमिल्याउने कि सही मार्गमा लैजाने ?

## अन्तर्राष्ट्रिय बुद्ध सर्किट कता ?

हालै भारत सरकारले एसियन बुद्धिस्ट समिट' सम्पन्न भएको छ। लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लाम सहभागी भएका थिए । उनले बौद्धमार्गी विद्वानहरूलाई भगवान बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्न आग्रह गरेका छन् ।

उनले बुद्धका शान्ति र सहिष्णुता एवं सत्यसम्बन्धी सन्देशहरू संसारभर फैलाउन र बौद्ध दर्शन र परम्पराबारे थप खोज गर्नुपर्ने र बौद्ध शिक्षाका माध्यमबाट एसिया क्षेत्रलाई अझ विकसित बनाउन सकिने धारणा राखे तर यस्तो सम्मेलनको आयोजना



लुम्बिनीमा किन राख्ने प्रस्ताव गरेनन्, यो आश्यर्चको विषय हो । यो सम्मेलनमा नेपालसहित एसियाली देशका बौद्ध दर्शनमा आस्था राख्ने विद्वान एवं बौद्धमार्गीहरूको सहभागिता थियो, तिनलाई लुम्बिनी दर्शन गराउने प्रयाससमेत लामाले गरेनन् ।

यसअघि ***वनारसमा भएको सम्मेलनले 'अन्तर्राष्ट्रिय बुद्ध सर्किट' प्रस्तावलाई पारित गरेको थियो। यो पारित प्रस्तावलाई भारतले १२औं पञ्चवर्षीय योजनामा समावेश गरिसकेको छ। बुद्ध जन्मेको लुम्बिनी, बुद्धत्व प्राप्त गरेको बोध गया, प्रथम प्रवचन दिएको सारनाथ र महापरिनिर्माण प्राप्त गरेको कुशीनगर यो बुद्ध सर्किटमा समावेश छन् तर कपिलवस्तुका तौलिहवा, तिलौराकोट, रामग्राम, देवदहजस्ता पवित्रस्थलहरूलाई सर्किटमा भारतले समावेश गरेको छैन।***

नेपालमा रहेका बुद्धमार्गी, विज्ञ, अनुयायी, अनेक संस्थाहरू छन्, तिनले बुद्ध सर्किटमा बुद्ध जन्मथलो हुनुपर्ने, लुम्बिनीमा अन्तर्राष्ट्रिय सम्मेलनहरू नियमित हुनुपर्ने विषयमा कहिले पनि बोलेका छैनन् । लाजगाल टार्न उपाध्यक्ष ल्यारक्याल लामाले भारतमा भएको 'एसियन बुद्धिस्ट समिट'मा आएका बौद्धमार्गी विद्वानहरूलाई लुम्बिनी भ्रमण गर्न आग्रहमात्र गर्नु असक्षमता हो । तिनलाई पनि लुम्बिनी भ्रमण गराउन सकेको भए, थप प्रचार हुनेथियो । लुम्बिनी विकास कोषले गतिलो नेतृत्व नपाएको पहिले पनि गुनासो थियो, अहिले झन त्यो गुनासो प्रष्ट हुनपुगेको छ ।

# ध्वजाबाहक ध्वस्त पारियो

भएका विमान बेच्ने अथवा कवाडी बनाएर थन्क्याउने, नयाँ खरिद गरिएका विमानमा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको रिपोर्ट महालेखाले नै स्पष्ट पारे पनि छानबिन नै हुनसकेन। शाही नेपाल वायुसेवा निगमको नाम शाही हटाए पनि भ्रष्टाचारको दलदल बन्नपुगेको छ ।

पहिले पनि निजीकरण गर्न अनेक बितण्डा खडा गरिएकोमा अहिले पनि छिटो नेपाल एयरलाई असफल पारेर निजीकरण गर्ने भ्रष्ट नेता, व्यापारी, उद्योगपतिहरूको षडयन्त्र जारी छ। त्यही षडयन्त्रलाई सघाउ पुऱ्याउन पार्टी निकट निगमको नेतृत्व र कर्मचारीहरूले निगमको सेवालाई झन झन अविश्वसनीय पार्दै लगेका छन् । यहीकारणले निगमभित्रका इमानदार कर्मचारी पनि निराश भएको देखिन्छ ।

सकभर यात्रुहरूले अन्य एयरको टिकट खरिद गर्ने, कतै नपाएमात्र नेपाल एयरको टिकट खरिद गर्नुले पनि नेपाल एयरको साख समाप्त भएको देखिन्छ । निगमलाई कसरी स्वस्थ र प्रतिस्पर्धात्मक बनाउने कुनै योजना देखिदैन ।

झण्डै साँढे दुईमहिनापछि बल्ल वाइडबडी अन्नपूर्ण सीचेक गरेर इटलीबाट फर्केको छ। अर्को वाइडबडी सीचेककै लागि इटली पठाइएको छ। महिना दिन नलाग्ने सी चेक गर्न किन हरेकपल्ट दुई साँढे दुई महिना लगाइन्छ, यो पनि अनुसन्धान हुनुपर्ने देखिन्छ ।



पञ्चायत सकिदा २७ जहाज भएको नेपालसँग अहिले दुई वाइड र दुई न्यारोबडी जहाज छन्। यिनै जहाज पनि इमानदारीका साथ चलाउन नसक्दा जो नेपाल एयर चढ्छन्, तिनले साह्रै दुःख पाउने गरेका छन् । नेपाल एयर यस्तो विमान कम्पनी बनेको छ, जुन समयमा कहिले नउड्ने, यात्रुलाई अभरमा पार्ने, अविश्वसनीय एयर बन्नपुगेको छ ।

जहाजका चक्का पन्चर हुँदासमेत कैयौं दिन उडान स्थगित भएका उदाहरण छन् । यसैवीच पर्यटकीय सिजन सुरू हुनासाथ त्रिभुवन विमानस्थल ७ महिनाका लागि मर्मत गर्ने भनेर दैनिक १० घण्टा बन्द गरिएको छ। बिज्ञ भन्छन्- यसरी १० घण्टा बन्द नगरीकनै टेक्सीवे निर्माण गर्न सकिने हुँदा हुँदै भैरहवा र पोखरा अन्तर्राष्ट्रि विमानस्थल देखाएर त्रिभुवन विमानस्थल मर्मत थालिएको छ। यो पनि ठूला विमानकम्पनीलाई मनलागी भाडा उठाउने मौका दिएर लूट अभियान चलाइएको आरोप लागेको छ ।

अन्तर्राष्ट्रिय उडानलक्षित २७४ सिट क्षमताको वाइडबडी जहाज मर्मतका अलपत्र पारिदा करोडौं करोड घाटा र यात्रुलाई दुःख भएको छ। इटालियन कम्पनी एटिटेकसँग भएको सम्झौताबमोजिम सि-चेक नेपाली जहाज इटली पठाउने गरिएको छ। प्रवक्ता रमेश पौडेल भन्छन्- मर्मत हुँदैछ भनेको छ, कम्पनीले ढिला गरको हो। नेपाल एयरका कार्यकारी अध्यक्ष युवराज अधिकारी र अन्य पदाधिकारीले मर्मतका नाममा घुम्ने अवसर छोपेका छन्। संसदीय समितिले ताकेता गरेजस्तो गरे पनि समितिका सदस्यले पनि नेपाल एयरबाट लाभ लिएको बताइन्छ। बेला बेलामा सीचेक बारे छानबिन पनि हुनेगरेको छ, तर प्रश्न उठाउने र नेपाल एयरलाइन्स फेरि पनि लथालिङ्ग चालाले चल्ने गरेको छ ।

विश्वका कुनै पनि विमान कम्पनीले यसरी आफ्ना विमानलाई असरल्ल पार्दैनन्, सेवालाई चुस्त दुरूस्त पार्छन् । तर नेपालमा राष्ट्रिय ध्वजावाहक निगम राजनीतिक नेतृत्वले कमिशन खाने र आफ्नालाई भर्तीकेन्द्रका रूपमा विकास गर्ने गरिएको छ। राजनीतिक दबाब, नेताका आफन्त, परिवारजन र व्यभिचार बढी भएकाले नै राष्ट्रिय ध्वजावाहक निगम लज्जास्पद अवस्थामा पुगिसकेको छ।

विदेशी विमान कम्पनीहरूले धमाधम उडान थप्न दबाब दिएका बेलामा ७ महिनाका लागि ३० प्रतिशत उडान रोकिदा यात्रुहरूले दोब्बरभन्दा बढी शुल्क तिरेर टिकट खरिद गर्न बाध्य भएका छन्। हप्तामा ४ सय १८ बाट २ सय ९५ उडानमा घटेको अवस्था छ। भैरहवा र पोखरामा फ्लाइ दुबई, एयर एसिया, जजिरा, नेपाल, थाईले उडान थालेका छन्, उनीहरू बाध्यताले त्यता उडान थालेका छन्, त्यत्ति आकर्षित छैनन् ।

नेपालको ध्वजाबाहक ध्वस्त भइसकेको छ। ध्वजावाहकलाई कसरी विश्वसनीय तरिकाले सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा अब पनि गम्भीर नहुने र निगमलाई भ्रष्टाचारको दलदलमात्र बनाउने हो भने यो विमान कम्पनी नाममा मात्र सिमित हुने देखिन्छ। आक्रामक रणनीति, सक्षम नेतृत्व, कर्मचारीलाई चुस्त पार्ने कहिले ?

## मान्छे बेच्ने लीला



कोशी प्रदेशका कानुन मन्त्री लीलाबल्लभ अधिकारी नै मानव तस्करीमा मुछिए। पहिले संसदका उपाध्यक्ष इन्दिरा राना मुछिइन, कतिपय जेलमा छन्, कतिपय मुद्दा बोकिरहेका छन्। एमालेले कोशीका पूर्वमन्त्री लिलाबल्लभ अधिकारीलाई राजीनामा गरायो, पार्टीबाट निकाल्यो र प्रहरीबाट पक्राउ गरायो ।

नक्कली कागजात बनाएर अधिकारीसँगै जापान पुगेकाहरूले प्रतिव्यक्ति १० देखि १३ लाख बुझाएका रहेछन्। ६ जनालाई जापानले डिपोट गरेपछि मन्त्रीसमेत थुनामा छन्। यसरी मन्त्री नै मानव तस्करीमा लाग्नुले नेपालको इज्जत कहाँ पुग्यो ? नेपालका नेताहरूका कारणले विश्वजगतमा नेपाली बेइमान भन्ने छाप बस्न पुगेको छ ।

## नेपाली राजनीति बिद्रोहको मोडमा




## चीन भ्रमण आत्मसम्मान कि आत्मघात ?

परराष्ट्रमन्त्री डा.आरजु राणालाई नेपाल भ्रमणको निम्तो पठाएका प्रम ओलीको निम्तोको जवाफ भारतीय प्रम नरेन्द्र मोदीले दिएनन्। यसपछि ओलीले चीनलाई गुहार लगाए, चीनले निम्तो दिएको छ। प्रम ओली मंसिर १७ देखि २१ गतेसम्म चीन भ्रमण जाने भएका छन् । तर परराष्ट्रमन्त्री राणालाई यसबारेमा कुनै जानकारी दिइएन ।

यो भ्रमणमा चीनले नेपाललाई बीआरआई कार्यान्वयन गराउने पत्रमा सही गराउने छ। प्रम ओलीले पोखरा विमानस्थल निर्माणमा चीनको एक्जिम बैंकको ऋण मिनाह गराउने भनिदैछ ।

ओली राष्ट्रसंघमा संवोधन गर्न अमेरिका गए पनि ओलीको पहिलो विदेश भ्रमण चीन हुनलागेपछि भारत रिसाएको छ, नेपाल चीनको पोल्टोमा पुगेको आरोप लगाउँदै छन् भारतीय छापाहरू। नेपालले चीनमा चुच्चेनक्सा राखेर नोट छाप्न दिएको विषयमा भारत आक्रोसित छ। भारतले निम्तो नदिएकै कारण ओलीले चीन भ्रमण गर्न थालेका हुन्। ओली चीन निकट पुगेको भारतको पहिले देखिकै आरोप छ। भारत कालापानी लिम्पियाधुरा भारतकै हो भन्नेमा रहेको छ। जब कि ती क्षेत्र नेपाली भूभाग हुन्। ओलीलाई चिनियाँ प्रधानमन्त्री ली छ्याङको निम्तो छ, यो भ्रमण समयमा चीनका राष्ट्रपति सी चिनफिङसँग पनि भेटवार्ता हुने कार्यक्रम रहेको छ। चीनले परराष्ट्रमन्त्रीलाई भने निम्त्याएन। प्रम ओलीको चीन भ्रमणको तैयारीमा प्रमकै विशेष सल्लाहकारहरू लागेका छन्।

यद्यपि प्रमसँग परराष्ट्रमन्त्री चीन जानेछिन्। तर चीनमा राष्ट्रपति र प्रमसँग वान टु वान वार्ता हुने र त्यसपछिमात्र सहमतिमा सही हुने विज्ञहरूले बताएका छन् ।

यसैवीच बीआरआई कार्यान्वयनमा के गर्ने ? प्रम कार्यालयले परराष्ट्र, गृह र अर्थसँग राय मागेको बुझिएको छ। तर चीन विज्ञहरू भन्छन्- बीआरआईमा सम्झौता नहुनसक्छ। जानाजान सन्तुलनको कूटनीति त्यागिने छैन। नेपाल भूराजनीतिको गोलचक्करमा फसिसकेकाले फुकी फुकी कदम चाल्नुपर्ने छ। यद्यपि चीन भ्रमणमा जानु पनि गलत आत्मघात भनेका छन् केहीले। केहीले भने आत्मसम्मान भन्छन् ।



नेपालले अनुदान खोजेको, ऋण नलिने दबाबमा रहेको नेपालले बीआरआई कार्यान्वयन नगर्नुको कारण रहेको छ। चीनले छिटो बीआरआईका १३ योजना कार्यान्वयन गर्न दबाब बढाएको छ। चीनका राजदूत चेन सोङ भ्रमणअघि निकै सकृय छन्। चीन अनुदानमा योजना दिने र कम ब्याजदर कायम गरेर बीआरआई कार्यान्वयन गराउला ?

## मन्त्री कालोसूचीमा

के हुन बाँकी भयो लोकतन्त्रमा ?

सांसद, संसदका उपसभामुख, मन्त्री, सचिव नै मानव तस्करीमा संलग्न। ठग, चोर, भ्रष्ट हेर्नुपरे पार्टीका नेता, मन्त्री, सचिवहरूलाई हेरे हुनेभयो ।

राष्ट्रको कानुनविपरित ठेक्कापट्टा गर्ने सांसद तथा मन्त्री नै कालोसूचीमा परेको खबर छ। कांग्रेस सांसद एवम् ऊर्जा राज्यमन्त्रीको निर्माण कम्पनी कालोसूचीमा परेको हो। सार्वजनिक खरिद अनुगमनको कार्यालयले निकालेको १२ ठेकेदार कम्पनीको कालोसूचीमा ऊर्जा राज्यमन्त्रीदेखि अनेक सांसदकै कम्पनी कालोसूचीमा परेका छन्। कान्छाराम/एनबी जेभी कन्स्ट्रक्सन र एनबी कन्स्ट्रक्सन कांग्रेस सांसद पूर्णबहादुर तामाङको हो। कुन नैतिकताले सांसद, मन्त्रीहरू राज्य हाँकिरहेका छन् ?

## उपनिर्वाचनमा कसको हैसियत कति ? देखिनेछ

मंसिर १६ मा ४४ पदका लागि उपनिर्वाचन हुँदैछ। यो निर्वाचनमा सत्ताधारी कांग्रेस, एमाले र प्रतिपक्षी माओवादी गठबन्धन नगर्री लड्ने निर्णयमा पुगेका छन्। यो निर्वाचनमा राप्रपा, रास्वपाजस्ता साना पार्टीहरू पनि मैदानमा हुनेछन्। अलग अलग निर्वाचनमा जाने निर्णय भएकाले यो निर्वाचनले एमाले, कांग्रेस, माओवादी, रास्वपा, राप्रपा सबै नाम चलेका पार्टीको हैसियत उजागर हुने विश्वास गरिन्छ ।

माओवादी केन्द्रले हेटौंडाबाट वाइसिएललाई ब्यूँताएको छ। आफ्नो राजनीतिक हैसियत स्थापित गर्नकै लागि अध्यक्ष प्रचण्डले देश दौडाहमात्र गरेका छैनन्, भेडाहरूसँग हिड्दा आफू पनि भेडाजस्तै भएको प्रतिक्रिया दिएर



माओवादी आक्रामक शैलीमार्फत आफ्नो राजनीतिक शक्ति पुनः जगाउने प्रयासमा लागेको देखिन्छ। हुन त प्रचण्ड ०६४ सालको जस्तो मिसन ०८४ मा बहुमत ल्याउने कुरा गरिरहेका छन्। उनको यो उद्देश्यलाई मंसिर १६ को उपनिर्वाचनले धेरै हदसम्म स्पष्ट पार्ने देखिन्छ।

उता कांग्रेस र एमाले आफ्नो पार्टी पंक्तिलाई सकृय पारेर आफ्नो हैसियतमात्र होइन, शान्ति र स्थिरताका लागि यो गठबन्धन कति आवश्यक छ भन्ने समेत प्रष्ट पार्न र प्रतिपक्षी माओवादीलाई जवाफ दिन खोज्दैछन्।

मंसिर १६ को ४४ पदको उपनिर्वाचन एकातिर र सडकमा थरिथरिका बिद्रोहले अराजकता बढ्दो छ।

## इतिहासको यस्तो दिन फेरि आएन

७४ वर्षअघि जब अमेरिकी राष्ट्रपति ह्यारी एस. ट्रुमेनले अमेरिकी नागरिकका तर्फबाट नेपालका राजा त्रिभुवन मार्फत नेपाली नागरिकहरुलाई विजयादशमीको पहिलो शुभकामना सन्देश पठाए।




## हरि मञ्जुश्रीको खोज

**डेनमार्कमा सूर्यको रथ –**

घोडाले तानेको रथमा सूर्य रहेको चित्र देख्ता पश्चिमी शिक्षा प्राप्त गरेका विद्वानहरू सनातनीलाई खिज्याउँथे। अब त्यो स्थिति हट्तैछ। पश्चिमी मुलुक डेनमार्कको पुरातात्त्विक स्थलमा उत्खनन गर्दा सूर्यलाई घोडासहितको रथले तानेको मूर्ति भेटिएछ। त्यसलाई 'नेसनल म्युजियम अफ डेनमार्क' मा राखिएछ। त्यस मूर्तिले त्यहाँका विद्वानहरूलाई छक्क पारिदिएछ। कोपनहेगन विश्वविद्यालयका प्राध्यापकहरू पनि त्यसतर्फ आकर्षित भएछन्। त्यसैले त्यस मूर्तिलाई आधार बनाएर पूर्व र पश्चिमको प्राचीन सांस्कृतिक समानताका विषयमा नयाँ ढङ्गबाट फेरि अनुसन्धान गर्न थालिएछ।



## एउटा प्रसङ्ग अङ्कजोड ११ को

(१) जनआन्दोलन, २०३६, अङ्कजोड ११
(२) भूकम्प, २०४५, अङ्कजोड ११
(३) जनआन्दोलन, २०६३, अङ्कजोड ११
(४) भूकम्प, २०७२, अङ्कजोड ११
(५) बाढी-पहिरो, २०८१, अङ्कजोड ११

## ह्यारिसको साडी

नोभेम्बर ५ को राष्ट्रपति उमेदवार बनेकी कमला ह्यारिसले नेपाल र भारतका झण्डै ६० लाख भोटरलाई आकर्षित गर्न सारीसमेत लगाइन्। तर उनलाई चुनावी प्रचारको यो तरिकाले पनि साथ दिएन, उनले चुनाव हारिन्।



# बदलिंदो अन्तर्राष्ट्रिय परिवेश र नेपालको राजनीति



डा. केशव देवकोटा

नेपालका सन्दर्भमा राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश दुबै बदलिँदै गएका कारण यहाँको राष्ट्रिय राजनीतिमासमेत बदलावहरू आउन सक्ने आंकलनहरू हुनथालेका छन्। खासगरी नेपालको आन्तरिक राजनीतिक अवस्थालाई हेर्ने होभने गत असारमा नेकां र एमाले एकातिर र माओवादी केन्द्र अर्कातिर भएका छन्। यो ०६२ मा भारतको नयाँदिल्लीमा भएको १२ बुँदे सहमतिका सार्थकहरूबीचको पछिल्लो र गंभिर फुट हो। जसले मुख्यत माओवादी केन्द्रलाई एक्ल्याउने काम गरेको छ। सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालको बोली र ब्यवहारको कुनै ठेगान नहुने समस्यालेगर्दा पछिल्लो राजनीतिक घटनाक्रमको विकास भएको देखिन्छ। उहाँले ०८१ जेठमा दिल्ली भ्रमणबाट नेपाल फर्कनासाथ फेरी सरकार पुनरगठनगर्न खोजेपछि संसदका पहिलो र दोश्रो दलले दाहाल बिरूद्ध नयाँ कदम चालेका हुन्। हालको सरकार एमालेका अध्यक्ष केपी ओलीको नेतृत्वमा रहेको भएपनि यो सरकार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको पहलमा गठन भएका कारण सरकारको सफलता, असफलता र टिकाउ नेपाली कांग्रेसमै निहित रहेको छ। माओवादी केन्द्रले आफूलाई कम्युनिष्ट पार्टी भएको बताउँदा बताउँदै पनि एमालेको तुलनामा नेपाली कांग्रेसलाई मित्रशक्ति ठान्ने गरेको छ। तर नेपाली कांग्रेसले माओवादी केन्द्रको तुलनामा एमालेलाई मित्रशक्ति ठानेका कारण अबका दिनमा नेकां र माओवादी केन्द्रबीचको मिलन प्राय: असंभव छ। माओवादी केन्द्रका अध्यक्ष दाहालकै कारण कम्युनिष्ट पार्टीहरू पनि छिन्नभिन्न भएका छन्। संसदवादी एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, राजमो र नेमकिपाका बीचमासमेत मित्र मिलन देखिएको छैन। झन मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतका समूहहरू माओवादी केन्द्रलाई नाममात्रका कम्युनिष्ट मान्दैआएका छन्। त्यसैगरी नेकां र राप्रपा लगायतका दक्षिणपन्थी पार्टीहरूकाबीचमा पनि मेल हुनसकेको छैन। संसद बाहिर रहेका पार्टीहरूका बीचमा पनि खिचातानी चर्को रहेको छ। आर्थिकरूपले देश चरम संकटतर्फ अगाडि बढेका कारणले पनि नेपाल अब फरक ढंगले राजनीति गर्नुको अर्को बिकल्प देखिएको छैन। यतिबेला नेपालका लागि राष्ट्र र राष्ट्रियता पेचिलो बिषय भएका छन्। अन्तराष्ट्रियरूपमा नेपालमा आवश्यकताभन्दा बढी चासो राख्दैआएका चीन, अमेरिका र भारत हुन्। बढ्दो अमेरिकी उपस्थितिका कारण नेपालका छिमेकी चीन र भारत सीमा समस्या समाधान गरेर छिमेकी पहिलो भन्ने नाराका साथ एउटा कित्तामा उभिएका छन्। ब्रिक्सले चीन, रूस र भारतलाई एउटै कित्तामा जोडेको छ।

पछिल्लो समयमा अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि अकेरिका, रूस र भारतको अर्को गठबन्धन तयार भएको छ। चीनले समेत अमेरिकालाई सहकार्य र मित्रवत ब्यवहारका लागि औपचारिक आग्रह गरेको छ। यसरी हेर्दा चीन, भारत, रूस र अमेरिका चारतिरै राष्ट्रवादीहरू तेतृत्वमा रहेका कारण अब नेपाल पनि राष्ट्र पहिलोभन्ने नीतिमा लामबद्ध हुन बाध्यहुने देखिएको छ। ०६३ को परिवर्तन र ०७२ को संविधान तथा बिद्यमान राजनीतिक ब्यवस्थाले हरक्षेत्रमा विदेशी पहिलोभन्ने मान्यता स्थापित गराउने प्रयास गरेको थियो। सोही मान्यताअनुसार तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले नेपाललाई असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिबाट च्युतगराएर अमेरिकी सैन्य संगठन नेटोको पक्षधर बनाउने, छिमेकी चीनलाई एक्ल्याएर इन्डो पशिचमा शक्तिलाई नेपालमा हाबि गराउने, नेपालको अशली मालिक भारत भएको साबित गराउने र भारतलाई नेपालको जलश्रोतमा हाबि गराउने काम गरेको थियो। अब अन्तराष्ट्रिय परिस्थितिमा आएको बदलावका कारण नेपाल नयाँ शोच र ब्यवहारकासाथ अगाडि बढ्न बाध्य हुने देखिएको छ। ०७२ पछि लागूगराइएको संघीयता, जातीय समाबेशी र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणालीलेगर्दा नेपाल आर्थिक, सामाजिक र राजनीतिकरूपमा अलग थलग हुनपुगेको छ। यस्तो अवस्थामा नेपालमा नेकां र एमालेसहितको सरकार बन्नुकासाथै अन्तराष्ट्रिय परिस्थितिमा समेत बदलाव आएका कारण नेपालको राष्ट्रिय राजनीति हालकै अवस्थामा अगाडि बढ्न नसक्ने देखिएको छ। यसअघिको दाहाल नेतृत्वको सरकारले रूस-युक्रेन युद्धमा युक्रेन र इजरायल - हमास युद्धमा इजरायलको समर्थन गर्दै प्यालेष्टाइनलाई आतंककारी समेत घोषणा गरेको थियो। तर पछिल्लो समयमा नेपालका छिमेकी चीन र भारत वार्ताबाट रूस-युक्रेन समस्याको समाधान गर्ने/गराउने पक्षमा रहेका छन्भने अमेरिकाका नव निर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलेसमेत आफू राष्ट्रपतिको कुर्सीमा बसेको भोलीपल्ट रूस-युक्रेन युद्ध अन्त्य गराउने बताउनु भएको छ। अमेरिकाले सैन्य सहायता रोक्नासाथ युक्रेन युद्धको अन्त्यहुने देखिएको छ। त्यसैगरी ट्रम्प इजरायललाई पनि युद्धमा प्रोत्साहित गर्ने पक्षमा रहनु भएको छैन। उहाँले अमेरिकालाई आर्थिकरूपले सबल बनाउने घोषणा गरिसक्नु भएको छ।

त्यसैले नेपालमा दिइएको एमसीसीको अनुदानसमेत कटौती हुने प्रबल संभावना रहेको छ। ट्रम्प यस अघि अमेरिकाको राष्ट्रपतिहुँदा पनि युद्धमा लगानी गर्नुभएको थिएन। भोली बुधबार अमेरिकाका नयाँ राष्ट्रपति ट्रम्प र निबृत्त हुन लाग्नुभएका राष्ट्रपति जो वाइडेनका बीचमा वार्ता हुँदैछ। सो वार्ताले पनि विश्व राजनीतिमा धेरै कुराहरूको निर्धारणगर्ने देखिएको छ। त्यसैगरी नेपालका प्रधानमन्त्रि केपी ओलीको आसन्न चीन भ्रमणबाट पनि नेपालको राष्ट्रिय राजनीतिमा केही बदलाव आउने अपेक्षा गरिएको छ। आफ्नो चीन भ्रमणको पूर्वसन्ध्यामा प्रम ओलीले चीन र भारतलाई समदुरीमा राखेर ब्यवहारगर्ने बताउनु भएको छ। नेपालको यसअघिको सरकारले नेपाललाई अमेरिकी सैन्य रणनीतिअनुसार सञ्चालनगर्ने प्रयास गरेको थियो। तर उसको सो रणनीति हाल आएर पूरै असफल भएको छ। त्यसैले माओवादी केन्द्रले गत सोमबार काठमाडौंमा इजरायल बिरूद्ध प्रदर्शन गरेर अमेरिकाको बिरोध शुरू गरेको देखिएको थियो। संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयका निर्देशक अजित सुङ्गाईले इजरायली सेनाले अन्तर्राष्ट्रिय मानवीय कानूनको मापदण्ड पालना नगरेको आँल्याउँदै कब्जा गरिएका प्यालेष्टिनी क्षेत्रहरू पूर्णरूपमा नष्ट क्षेत्रमा परिणत भएको बताउनुभएको छ। उहाँले गाजामा अस्पताल, बिरामी तथा सर्वसाधारणमाथि बारम्बार भइरहेको इजरायली आक्रमणलाई औंल्याउँदै त्यसले मानिसहरूलाई दक्षिणमा विस्थापितगर्ने र उत्तरी क्षेत्र खाली गराउने उद्देश्यले प्यालेष्टिनीको आर्थिक श्रोतलाई जानाजानी लक्षित गरिरहेको बताउनु भएको छ। उत्तरी गाजामा प्रवेशगर्न गत अक्टोबर-७ देखि संयुक्त राष्ट्रका एजेन्सीहरूले भोग्नुपरेको कष्टलाई उल्लेखगर्दै उहाँले गाजा पूर्णरूपमा नष्ट भएकोसमेत उल्लेख गर्नुभएको छ।

त्यसैगरी इराकका प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले नव निर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग फोन वार्तागर्दै मध्यपूर्वमा युद्ध अन्त्यका लागि पहलगर्न आग्रह गर्नुभएको छ। गाजा र लेबनानमा इजरायलको युद्धको बीचमा, सुदानीलाई इरान समर्थित राजनीतिक गुटहरूको बहुमतले प्रधानमन्त्री नियुक्त गरेको थियो। इस्लामिक स्टेट समूहसँग लड्न सहयोगगर्न गठन गरिएको अमेरिकी नेतृत्वको गठबन्धनको हिस्साकारूपमा इराकमा करिब दुई हजार ५०० अमेरिकी सेना तैनाथ गरेको गरेको जनाइएको छ। गत शुक्रबारसम्ममा इजरायली आक्रमणबाट मृत्यु हुनेहरूको संख्या ४३ हजार ५०८ पुग्नुकासाथै एकलाख दुईहजार ६८४ जना घाइते भएको तथ्यांक सार्बजनिक गरिएको छ। नेपालको यसअघिको सरकारले त्यस्तो नरसंहारको समर्थन गरेका कारण अब त्यसको बदला के कस्तो कारवाही भोग्ने हो ? त्यो यसै भन्ननसकिने अवस्था रहेको छ। सन् दुई हजारका पछिल्ला बर्षहरू विश्वमा बिनाशका बर्षहरू बनेका छन्। तर अब त्यसरूपमा नेपालमात्र नभएर विश्व समूदायनै चल्न सक्ने अवस्था छैन। अबका बर्षहरू संसारमै आपसी मित्रता, सद्भाव र निर्माणका बर्ष हुनुपर्ने माग हुनथालेको छ। ०६२ मा दिल्लीमा भएको १२ बुँदे सहमति असफल भएको, त्यसअनुसार ०६३ मा नेपालमा भएको राजनीतिक परिवर्तन असफल भएको र सो परिवर्तनले ल्याएको ०७२ को संविधान र बिद्यमान राजनीतिक ब्यवस्थासमेत असफल भएका कारण अब नेपालको भाबि राजनीतिकाबारेमा नयाँ ढंगले सोच्नुपर्ने अवस्था सिर्जना भएको छ। नेकां र एमालेले निर्माण गरेको र विश्वलेनै उत्कृष्ठ भनेको ०४७ को संविधान ब्युँतन सक्ने संभावना देखापरेका छन्। ०६३ को परिवर्तनमा विदेशी दबाव बढी रहेका कारण फेरी पनि विदेशीहरूकै दबावमा परिवर्तन हुनुसक्ने आंकलनहरू हुनथालेका छन्।

हालको अवस्थामा चीन, भारत र अमेरिकाले नेपालमा रोज्ने भनेको देशभक्त शक्ति हो। नेपालमा को देशभक्त र को विदेशभक्त भन्ने कुरा घटनाक्रमहरूले स्पष्ट गरिसकेका छन्। पछिल्लो समयमा देशभक्तहरूबीचको एकता बढ्दै गएको देखिएको छ। बहुसंख्यक नेपालीको चाहना राष्ट्रिय एकता, दलहरूकाबीचमा सहमति र आम नेपालीका बीचमा मित्रता रहेका कारण सोही ढंगको परिवर्तन आवश्यक देखिएको छ। जो जसले यसअघि इन्डोपशिचमा शक्तिको गोटी भएर नेपाललाई अलग थलग बनाउने र बिघटनमा पुऱ्याउने प्रयास गरेका थिए, अबका दिनमा उनीहरूको पतन अवश्यंभावि रहेको छ। त्यसैले नेपालको गृह, छिमेकी र परराष्ट्र नीतिमा नयाँ ढंगले सोच्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। यसबारे बौद्धिक एबं राजनीतिक क्षेत्रमा गंभिर बहसको आवश्यकता छ। यदि देश पहिलोभन्ने नीति अगाडि बढाउने होभने नेपालमा हाल संसदमा रहेका र नरहेका पुराना र नयाँ शक्तिहरूकाबीचमा खुल्ला दिलले छलफल र त्यस अनुसारको नयाँ राजनीतिक ब्यवस्थाको प्रबन्ध गर्नसक्नु पर्दछ। यसमा अर्को बिकल्प छैन।









# मुक्तक लेख्ने प्रयासहरू : म त एक्लै एकान्तमा हराइराको बेला



गर्छु माया भन्दै समातेका हात छोडिदिन्छौ
दिलाएका कयौं भरोसाका बात छोडिदिन्छौ
तिम्रै हुँ भनी आफ्नैपन जताए पनि बारबार
आँसुले भिजेका सिरानीका रात छोडिदिन्छौ ।

—दुर्गाकिरण तिवारी



एक दिन के थाहा झरेर जानुपर्छ
आँखिर भोलि के सँगै मरेर जानुपर्छ
किन दुखाउँछौ चित्त हेर बेकारमा ?
भागमा जे छ मेटिन्न त्यो गरेर जानुपर्छ ।

- डा.उत्तम खनाल



म त एक्लै एकान्तमा हराइराको बेला
तिम्लाई सम्झी रातै भरी कराइराको बेला
सुने आज यस्तो खबर भन्न म सक्दिन,
तिम्रै लागी थरथर मुटु डराइराको बेला !

- अर्जुन अधिकारी



घमण्डले सम्बन्धको जराहरू कुहिदै जान्छ
स्वार्थले बनेका मनका गराहरू चुहिदै जान्छ
आफुले आफुलाई मपाई भन्दै हिडेमा संझनु
भोलि आफ्नै बोली ठाउँ ठाउँमा तुहिदै जान्छ ।

- उषा केसी



पावर हुनेले छड्के चाल चलाउँछन्
पैसामा पद फालाफाल फलाउँछन्
राजनीति भनू कि फोहोरी खेल हो यो
ईमान जति त्यही खेलमा जलाउँछन् ।

- विनिता आचार्य



मैले माफी मागें र त तिम्रो जित देखियो
मेरो हार र हन्डरमा तिम्रो हित देखियो
देख्दा जस्तो कहाँ हुँदो रहेछ र मन यहाँ
ठाउँ हेर्दै बल्छी हान्ने छेपारे रित देखियो ।

- विमला कार्की



चोट निको होलान् भन्ने सोचहरू सुक्ने भएँ
तर थाह नदिई ती मुटुको मर्मसम्म पुग्ने भएँ
ए हजुर! सत्य रहेछन् मेरा हत्केलाका रेखाहरू
जुन पाउने प्रयास गर्दा धर्तिमै झुक्ने भएँ ।

- कृष्णबहादुर थापा



भत्केको घरको भित्ता टाल्नु छ मित्र
गएर परदेश परिवार पाल्नु छ मित्र
सहेर भएपनि सारा दुःखकष्ट त्यहाँ
देखासिखी गर्नेलाई गाल्नु छ मित्र ।

- जे.बी. खत्री



बाध्यताले या रहरले छोड्यौ गुनासो छ
चाहना र भावना सबै तोड्यौ गुनासो छ
तिमी आउनै छाड्यौ शून्य लाग्छ आँगन
कत्ति कारणले बाटो मोड्यौ गुनासो छ ।

- कला झापाली



धानचामल, पिठो बग्यो, बग्यो खाने थाल पनि
बेहाल भो जिन्दगी यो, नसोध्नु के छ हाल भनि
सम्पत्तिको मेरो नाउँमा, घर थियो जेथो गाउँमा
त्यही घर पनि बगिरह्यो,आँखैअघि छाल बनि !

- प्रभा पोखेल



मेरो जीवनमा तिमी जून बनि उदाए हुन्थ्यो
पवन बनि मलाई बादलमाथि उडाए हुन्थ्यो
नशालु त्यो नयनको मदपान गर्ने छ रहर साह्रै
लाग्छ सामु आई नजरमा नजर जुधाए हुन्थ्यो

- पवनकुमार बुढाथोकी



निराश छ मन बिचरा, परदेशीलाई केको दशैं
न त टीका न जमरा, परदेशीलाई केको दशैं
मुटु गाँठो पार्दै साहूको, मेलो नगै हुन्न हजुर,
खालि निधार कठैबरा, परदेशीलाई केको दशैं ?

- प्रेम कटवाल

## युद्धमा बिलाएको सपना

कात्तिक २४, काठमाडौं । रमेश खनालको कृति 'युद्धमा बिलाएको सपना' लोकार्पित गरिएको छ ।

रमेश खनाल परिचित रङ्गकर्मी हुन् । विश्व चित्रकलाका विषयमा उहाँलाई विशेष ज्ञान छ । तथापि यसपटक लघुकथाकृतिका साथ आएका छन् । साहित्यिक पत्रकार संघ (Literary Journalist Association)ले Arupan Art Gallery, Nepal को सभाकक्षमा कथाकार रमेश खनालको लघुकथा कृति ***युद्धमा बिलाएको सपना*** लोकार्पण गरिएको हो ।

सो कृतिको लोकार्पण कार्यक्रमका प्रमुख अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति वरिष्ठ कलाकार के



के कर्माचार्य, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, समालोचक प्रा. डा. गोविन्दमान सिंह कार्की, कथाकार किशोर पहाडीले संयुक्त रूपमा गर्नु भएको थियो ।

लोकार्पित लघुकथा कृति ***युद्धमा बिलाएको सपना***बारे समालोचक प्रा. डा. गोविन्दमान सिंह कार्कीले समीक्षा गर्नु भयो भने साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष सर्जक नरेन्द्रबहादुर श्रेष्ठ र कथाकार किशोर पहाडीले शुभकामना दिनु भयो ।

साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा आयोजित सो कार्यक्रममा लोकार्पित कृतिका सर्जक खनाललाई सम्मान पनि गरिएको थियो ।

कथाकार इन्दिरा ढकालले लोकार्पित कृतिबाट एक लघुकथा वाचन गर्नु भयो भने कार्यक्रमको सहजीकरण कवि मुरारी सिग्देलले गर्नु भयो । कार्यक्रममा प्रमुख अतिथि कर्माचार्य, अध्यक्ष लेकाली र कृतिकार खनालले आआफ्नो मन्तव्य राख्नु भयो ।

कार्यक्रममा दिव्य गिरी, श्रीराम राई, डा. बुनु दाहाल, राधेश्याम मुल्मी, डा. सुमी रिमाल, प्रा. डा. श्रीरामप्रसाद उपाध्याय, नीरा श्रेष्ठ महर्जन, श्रीमती रिता खनाल, विनोद गुप्ता, सन्जु प्रधान मास्के, सगुन भण्डारी, सुस्मिता कार्की, कोमल श्रेष्ठ, कृति राउत, दीक्षा चौधरी लगायत साहित्यकार र कलाकारको उपस्थिति रहेको थियो । लघुकथाका पारखीहरूका अनुसार लघुकथा युद्धमा बिलाएको सपना उच्चकोटीको रहेको छ । साह्रै चित्ताकर्षक लघुकथाहरू पढ्न थालेपछि छोड्न मन नलाग्ने खालका छन् ।

## चेतन कार्की प्रतिष्ठानको ८६औं जन्मजयन्ती




२०८१ कात्तिक २२, काठमाडौं ।

चेतन कार्की प्रतिष्ठानले आज सामाजिक विकास समाज, अनामनगर, काठमाडौंको सभाकक्षमा वरिष्ठ चलचित्र निर्देशक, कवि एवं संस्कृतिविद् चेतन कार्कीको ८६ औं जन्मजयन्ती समारोहको आयोजना गऱ्यो ।

वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाको प्रमुख आतिथ्यतामा आयोजित सो कार्यक्रममा प्रतिष्ठा अध्यक्ष चर्चित कलाकार

मिथिला शर्माको सभापतित्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रतिष्ठानकी प्रमुख संरक्षक श्रीमती गंगा कार्की, प्रमुख अतिथि भैरवबहादुर थापा, अध्यक्ष मिथिला शर्मा, वरिष्ठ कलाकारहरू मदनदास श्रेष्ठ, नीर शाह, वरिष्ठ इतिहासविद् प्रा. डा. सुरेन्द्र, के. सी., नेपाल चलचित्र विकास बोडका अध्यक्ष दिनेश डी. सी., नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोने, चर्चित गायक प्रेमराजा महत, वरिष्ठ समालोचक प्रा. डा. गोविन्दमान सिंह कार्की, चेतन कार्की प्रतिष्ठानका उपाध्यक्ष मोहन निरौला, कार्यसमिति सदस्य राधेश्याम लेकाली र चेतन कार्कीका नातिनी मदालसाश्री कार्की लगायतले आआफ्नो मन्तव्य राख्दै चेतन कार्कीको योगदानको चर्चा गरेका थिए ।


कार्यक्रममा नेपाल चलचित्र विकास बोडका अध्यक्षमा नियुक्त हुनु भएकोमा कलाकार दिनेश डी. सी.लाई माला लगाएर बधाई ज्ञापन गरिएको थियो ।

कार्यक्रममा गायिका रितु कँडेलले चेतन कार्कीको गीत गाउनु भएको थियो भने प्रतिष्ठानका महासचिव मुरारी सिग्देलले सहजीकरण गर्नु भएको थियो । कलाकारहरू बसन्त श्रेष्ठ, बसुन्धरा भूषाल, चैत देवी सिंह, आर पी पन्त, मिलन मोक्तान, नरहरि प्रेमी, छत्र व. गुरूङ, पूर्व सचिव डा. खगराज बराल, साहित्यकारहरू गोपाल थपलिया, श्रीपुरुष ढकाल, रमेशनाथ खनाल, हिरण्यकुमारी पाठक, नरेन्द्रबहादुर श्रेष्ठ, भीम खरेल, नगेन्द्रराज पौडेल, श्रीओम श्रेष्ठ, रामप्रसाद पन्त, सुमन वर्षा, प्रद्युम्न जोशी, विजयध्वज थापा, श्रीबाबु कार्की, दीपा राई पुन, प्रेमप्रसाद भट्टराई, नरेन्द्रबहादुर श्रेष्ठ, यादव भट्टराई, सुवाशचन्द्र ढुङ्गेल, रत्नलक्ष्मी श्रेष्ठ, शिव अधिकारी, वेन्जु सरोज, समिना खनाल पृथा, बैरागी जेठा, इन्दिरा ढकाल, राज रजक, सुधा शर्मा, नीरा श्रेष्ठ, गीता अधिकारी, भानुप्रकाश जोशी, जीवनकुमार श्रेष्ठ, कला भट्टराई, एन बी. अन्जान, प्रमोद सारड, प्रज्वल अधिकारी, इम्तियाज वफा, मोमिन खान, डा. गणेश गुरूङ, राम गुरूङ, बद्री गुरूङ लगायतको बाक्लो उपस्थिति रहेको थियो ।

## सुगन्धित साकुरा र नीता श्रेष्ठ 'नित्यनूर'

**ममता मृदुल–**

विषय प्रवेश :- बसन्तपुर काठमाडौंमा जन्मिएर धनकुटा घर भएकी नेपाली भाषा साहित्यमा कविता, हाइकुमा निरन्तर क्रियाशील निता श्रेष्ठ 'नित्यनूर' रहेकी छिन । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजकी आजीवन सदस्य रहेकी छिन । विश्वका अमेरिका, फ्रान्स, थाइल्यान्ड, कतारजस्ता धेरै राष्ट्रमा बसेर साहित्य क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिसकेकी छिन् । नेपाली भाषा साहित्यका मुक्तक, कविता,भजन, गीत लेखन र गायनमा निरन्तर क्रियाशील हाइकुकार नीताका प्रकाशित कृति सुगन्धित साकुरा रहेको छ ।




आयाम :- यस सङ्ग्रहमा एक सय एकसट्ठीवटा हाइकु रहेका छन् । प्रकाशक अन्तर्राष्ट्रिय साहित्य समाज नेपाल रहेको छ । सुगन्धित साकुरा हाइकुसङ्ग्रहको आवरण हाइकुकारको रहेको छ । स्रष्टालाई बधाई शीर्षकमा अनेसास नेपालका अध्यक्ष राधेश्याम लेकालीका कुरा छन् ।

भूमिका : नीताजीको हत्केलामा सजिएको सुगन्धित साकुरा शीर्षकमा दामोदर पुडासैनी 'किशोर' को भनाइ रहेको छ । हार्दिक बधाई शीर्षकमा डा. दुबसु क्षेत्रीको भनाइ रहेको छ ।

शुभकामना शीर्षकमा जीवा लामिछानेको भनाइ रहेको छ । शुभकामना शीर्षकमा प्रदीप बम्जनको भनाइ रहेको छ ।

स्रष्टा मन्तव्य : सानो प्रयास प्रस्फुटित भावना हाइकुमा मध्य शीर्षकमा हाइकुकार नीता श्रेष्ठ 'नित्यनुर' का आफ्ना कुरासहित आभार व्यक्त गरिएको छ । विषयसूची शीर्षकभित्र छवटा उपशीर्षक रहेका छन् ।

पुस्तकभित्रका हाइकु:-

जीवन शीर्षकमा पहिलो हाइकु
दिन र रात
कमाउनु र खानु
सार्थक शुन्य ।

बिहानी सूर्य
प्रेममय सन्देश
ऊर्जावान म ।

पानी र ऐना
जे तिमी हौऔ त्यो आज
तिम्रो सोचाई

मित्रता शीर्षकमा
पहाडी गरा
एक अर्की हात
मित्रको साथ ।

कस्तो अनौठो
समाज न खुनको
नाता साथीको

मन शीर्षकमा
शीतको थोपा
डुबुल्की लाउँदैछ
तरङ्गी मन ।
बिहानी उषा
जागररूक भई उठ
तरूण मन ।

हावासँग म
भावहीन तरङ्ग
अबोध मन ।

प्रेमी शीर्षकमा
शीतल हावा
मन चोर्ने प्रेमीको
गहिरो स्वास ।

सिसिरे हावा
प्रेमको सुगन्ध झैं
सङ्लियो मन ।

मायालु मन शीर्षकमा
प्रेमीको याद
पानी पर्दाको रात
नशालु मन ।

परेवा जोडी
गुटुमुटियो माया
प्रेमको वर्षा ।

मायालु शीर्षकमा
पानी नै पानी
तिम्रा रसिला शब्द
सुन्दर रात ।

सङ्ग्रहभित्रको अन्तिम हाइकु
नदी किनार
सँगै बग्दछ भाव
जिन्दगी भर ।
भाषाशैली :-

नेपाली भाषामा लेखिएको सुगन्धित साकुरासङ्ग्रहभित्रका हाइकुले थोरैमा पनि सबै कुरा बोलेको छ । संस्कार छ, समाजका विकृति, विसङ्गतिलाई निर्मूल पार्ने सोच छ । राजनीतिका कुरा छन् । सामाजिक, आर्थिक पक्षलाई उठाइएको छ । पाँच सात पाँच अक्षरका तीन हरफ र कुल सत्र अक्षरमा एउटा पूर्ण रूप दिएर लेख्न कठिन छ । प्रकृतिबोध शब्दले शुरू गरी कथानक र चमत्कारी ढङ्गले अन्त गर्न सजिलो छैन । सिमित शब्दमा सुन्दर सिर्जना हाइकु जापानबाट सुरू भएको हो । जापानी कवि माचु ओ वासो (१६४४-१६९४)लाई जापानी हाइकुका स्तम्भकारका रूपमा लिइन्छ । नेपालमा हाइकुलाई स्थापित गर्ने स्रष्टा शंकर लामिछाने हुन् ।

उद्देश्य :-
बिहानी उषा
जागरूक भै उठ
तरूण मन ।

युवालाई उठाउन आह्वान गरिएका छन् ।

समाजभित्र भएका राजनीतिलाई विकृतिले ढाकेको सङ्केत गरेर खराब पक्षलाई सचेत गराइएको छ । युवालाई सचेत नागरिक भए पछि गरिने कुरा यसरी सङ्केत गरिएको छ ।

शीतल हावा
मन चोर्ने प्रेमीको
गहिरो स्वास ।

प्रेममा सुन्दर सुकोमल पक्ष पनि हुन्छ । भन्ने सोच रहेको छ ।

प्रेमीसँग भेट्न नपाएका पीडा छन् ।

टप्टपी वर्षा
अपुरो प्रेम तिर्खा
आश्रित तृष्णा ॥

मायामा डुबेको प्रेमिकाको अवस्थालाई लक्षित गरेर लेखिएका छन् । विकृति, विसङ्गति विरूध्द सचेत गर्ने उद्देश्यले हाइकुका माध्यमबाट मनभित्रका उकुसमुकुस पोख्नुहुन्छ । सचेत हुनका लागि मार्ग दर्शन गर्नु मूल उद्देश्य रहेको छ ।

निष्कर्ष :- सुगन्धित साकुरा हाइकुसङ्ग्रह पढ्दा छोटा लाग्छ तर मनमा तरङ्ग पैदा गराउँछ। कता कता मनका कुरालाई शीतल स्पर्श गराएको अनुभूति हुन्छ ।

कस्तो अनौठो
समाज न खुनको
नाता साथीको ।

साथी भनेको प्रिय हुन्छन् । त्यो नाता अव्यक्त हुन्छ । एकको पीडाले अर्कोलाई छुन्छ । त्यो पीडाले वियोगमा छोएर गएको भान हुन्छ । हामीले भोगेका, देखेका कुरा तर लेख्न नसकेका विषयको उठान गरिएको छ ।

नित्य नूरकै
चम्किलो प्रकाशमा
जीवन नाउ ।

आफूलाई पनि हाइकुमा भिजाएर व्यक्त गरिएका सूक्ष्ममा पनि अति सूक्ष्म शब्द मात्र कहाँ हो र अक्षर गनेर लेख्न सजिलो छैन । मायामा डुबेर खुसी, समाज, प्रकृति, प्रेम, पीडा सबैलाई सङ्गालेर लेखिएको छ । हाइकुकार नीता श्रेष्ठ 'नित्यनूर' को साहित्ययात्राको सफलताको कामना गर्दै आजलाई बिदा माग्छु । हार्दिक धन्यवाद ।





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# ०६३ को जनआन्दोलन र विश्वयुद्धपछिका मुसोलिनी र हिटलर

०६३ को जनआन्दोलनको सफलता पछि नयाँ नेपाल बन्नेछ, नेपाल स्वर्ग हुनेछ भन्ने सपना देखाइएको थियो । त्यसपछिका १८ वर्षमा जे देखियो, न नीति रह्यो, न सिद्धान्त । कुनै नेतामा सफा नियतसमेत देखिएन । हरेक नेता भ्रष्टाचार, कुनियत, अनियमितता, राष्ट्रघातमा डामिन पुगे । जनताले आश गर्ने, भरोसा राख्ने, यो नेताले त पक्कै केही गर्छ भन्ने अवस्था मर्‍यो ।

अर्थात् लोकतन्त्र छ, तर जनतामा नैराश्यता अचाक्ली बढ्यो ।

जसरी प्रथम विश्वयुध्दपछि इटलीका मुसोलिनी र जर्मनीका हिटलरका रूपमा जन्मेको फासिज्म र नाजीवाद थियो, त्यसैगरी लोकतन्त्र ख्यातिमा थियो, बढ्दो असमानता, व्यभिचार, नैतिकहीनताले लोकतन्त्र लोकका लागि कौवालाई बेल पाकेसरह हुनगयो । फासिज्म र नाजीवाद, अहिलेको लोकतन्त्र उस्तै हुनपुग्यो । कहिले सर्वहारा र वाम एकता, कहिले प्रजातन्त्रवादी र सर्वहाराको एकता, कहिले समाजवादी र वामको एकताले नेपाली राजनीति जसको शक्ति उसको भक्ति हुनपुगेको छ । 'सत्ता कब्जा' कसले गर्ने, कसले अर्कोलाई खुइल्याउनेसम्मको प्रतिस्पर्धा छ ।

त्यतिबेला मुसोलिनी 'राष्ट्रको गौरवको लागि' भन्ने नाराका साथ इटलीका जनतालाई उचालिरहेका थिए भने जर्मनमा हिटलर 'राष्ट्रको गौरव र जातिको हक'को नारा घन्काएर उभिएका थिए । दुवैले प्रजातन्त्रको दुहाई दिएकै हुन् । हिटलर १९३३ मा १७ लाख भोटले बिजयी भएका थिए भने १९१९ मा मुसोलिनीको नेतृत्वमा फासिष्ट दल अर्थात लडाकु दलको स्थापना भयो र १९२२ मा भएको इटलीको आम हडताललाई आफ्ना लडाकुमार्फत नियन्त्रण गरेपछि मुसोलिनी इटलीका प्रधानमन्त्री 'वादशाह' भएका थिए । उग्र राष्ट्रवाद उनको सिध्दान्त थियो । त्यतिबेलाका बुध्दिजीवीहरूले लडाकु दल र मुसोलिनीलाई 'एउटा नयाँ संस्कृतिको प्रारम्भ' 'नयाँ सिध्दान्त' भन्ने गर्थे । मुसोलिनी र हिटलर ख्यातिको शिखरमा थिए । हिटलर र मुसोलिनी दुवैको शासनमा सर्वहारा, बेरोजगारलाई उफार्ने, छाडावाद उकास्ने गर्दा आतंक, हत्या, लूट, शान्तिसुरक्षाको अभाव बढ्दै गयो । यस्तो नाजीबाद र फासीबादमा कति मरे, कति मारिए । इतिहासका पानाहरू रगतले राताम्मे हुनपुग्यो । हिटलर अथवा मुसोलिनीको फासिज्म अथवा नाजीवाद स्थापित भएन, उनीहरूको निरंकूशता, मानवबिरोधी चरित्र उदाङ्गिन पुग्यो । इतिहास कलंकित भयो ।

नेपालमा १० वर्षे जनयुद्ध र जनआन्दोलनले परिवर्तन ल्यायो । किन भयो त्यो जनयुद्ध र जनआन्दोलन ? केका लागि परिवर्तन भएको थियो । हरेक पार्टी र नेताले 'राष्ट्रिय गौरव, जनाधार, जनआन्दोलनको म्याण्डेट, नयाँ नेपाल बनाउने नारा, हरेक वर्गको हक' को नारा लगाए । सबै समस्याको जड धर्म हो, राजतन्त्र हो भनियो, गणतन्त्र र धर्मनिरपेक्षता स्थापित गरियो । संघीयता ल्याइयो । बिगतको १८ वर्षलाई रौंचिरा विश्लेषण गर्ने हो भने बेहाल बढेको छ, बेथिति चुलिएको छ, जनता शोषणमा परेका छन्, कुशासन व्यापक छ, अब त राज्यसम्पत्तिमात्र होइन, नागरिक समेत बिक्री हुन थालेका छन् । यो स्थिति फासिज्म अथवा नाजीवादका नाममा भएको नरसंहारभन्दा कम छ र ? लोकतन्त्र संविधानमा छ, संविधान जनजीवनमा छैन । विधि व्यवहारमा पनि छैन । लोकतन्त्र बदनाम छ । लोकतन्त्र मह दलेको विषजस्तो छ, जुन विषले नागरिकका जीवनलाई पल पल मारिरहेको छ । यस्तो लोकतन्त्र हुनुभन्दा नहुनु बेश भनेर नागरिक पछुताउन थालेका छन् । हेक्का रहोस् ।

# लोकतन्त्र लोकतन्त्र भन्ने, लोककै खोइरो खन्ने ?




लोकतन्त्र लोकतन्त्र भन्ने, लोककै खोइरो खन्ने ? बिगत १८ वर्षमा जे देखियो, सत्य यही हो । जुकानीति, जुकाले गाईको थुनमै पुगे पनि दूध चुस्दैन, रगत नै चुस्छ । नेपाली राजनीतिको नियति जुकाको जस्तो छ । जनतामा घुस्ने, जनताकै रगत चुस्ने । आधुनिक नेपालमा राजनीति महाभारत यसैगरी चलिरहेछ ।

महाभारत युद्ध किन भयो ? महाभारत आफैमा ठूलो राजनीति हो । महाभारतमा जे देखियो, दुर्योधन, दुशासन र धृतराष्ट्रका मीठा कुरा र तीता व्यवहारले महाभारत युद्ध हुनपुगेको थियो । लोकतन्त्रका मीठा सपना देखाएर नेतृत्वले महाभारतको युद्ध चलाइरहेको छ । फरक यत्ति छ, महाभारतमा श्रीकृष्ण थिए धर्मको रक्षाका लागि । नेपालको राजनीतिक महाभारतमा श्रीकृष्ण छैनन्, त्यसैले धर्म बिनास भइरहेको छ ।

महाभारतमा जीवन र जगतका अनेक प्रसङ्गहरू छन् । भगवान श्रीकृष्ण भन्नुहुन्छ- जीवन उत्सव हो, वर्तमानमा बाँच । कर्तव्य गर, फलको आशा नगर । तर नेपाली जनजीवन वर्तमानमा मरिरहेका छन्, जीवन उत्सव हुनसकेन । कर्तव्य पूरा गर्न कुनै जननेता तैयार छैनन्, सबै स्वार्थलम्पट भएका छन् ।

चरम कुशासन छ । नेपालको शासन प्रशासनमा आधुनिक महाभारत चलिरहेको छ । जहाँ नीति, नैतिकता, सिद्धान्त केही पनि छैन । जे छ, सत्ता छ, सुखभोग र स्वार्थ छ । समाजसेवा अथवा समाजशिक्षा कतै पनि छैन । रत्नमाला बन्ने इच्छाशक्ति कसैमा पनि देखिन्न, सबैलाई पुतना बन्नु छ । पुतना अर्थात आदेशमा अपराधका लागि सदैव तम्तैयार रहने, खट्ने । विदेशीले नेतृत्वलाई पुतना बनाएर दुरूपयोग गरिरहेका छन्, नेपाली नेताहरू पुतना बनेर पनि गौरव अनुभूत गरिरहेको छ । यी कस्ता परजीवी होलान् ? जसलाई वरत्रको ख्याल छैन, परत्रको चिन्ता छैन ।

जब रत्नमाला बन्ने रहर हुँदैन, उसले हरेक मानवीय मूल्य र मान्यताका सीमा पार गरिरहन्छ । अपराध गरें भन्ने भेउ उसमा बाँकी रहन्न । जनयुद्ध, जनआन्दोलनमा धेरै जनता मारिए, त्यसपछि नेपाल बधशालाबाट अपराधशाला बन्दै गएको छ । बधशाला हुँदा पनि नागरिककै बध भयो, अपराधशाला बनाइदा पनि नागरिकमाथि नै अत्याचार भइरहेको छ । नागरिक विचरा छन् ।

नैतिकताका वोध छैन । विधि, पद्धति, नीति, नैतिकता नेपाली राजनीतिले गुमाइसकेको छ । लोकतन्त्र फगत सुन भनेर भ्रम छर्ने पित्तलमात्र हो ।

बोकाको टाउको देखाएर कुकुर बेच्ने संसदीय व्यवस्था भनेर आलोचना गर्नेहरूले १८ वर्षदेखि संसदीय व्यवस्थाको चीर हरण गरिरहेका छन् । संसदलाई दलदले नाली साबित गरिरहेका छन् ।

महाभारतमा आफ्नो स्तनबाट विषाक्त दुध पिलाएर भगवान श्रीकृष्णलाई मार्न आएकी पुतनालाई श्रीकृष्णले दुध पान गरेरै बध गरिदिए । तर, नरकमा होइन, गोलोकको बल्कोनीमा सम्मानपूर्वक बसाले । हाम्रा नजरमा पुतना राक्षसनी थिइन्, तर श्रीकृष्णका नजरमा पुतना, रत्नमाला थिइन् ।

नेपालको राजनीतिमा जनताले सधैं दूध पिलाए नेताहरूलाई । ती नेताहरूले जनताको रगत चुसे । नेतृत्व जुका थिए, त्यसैले जनताको उदारता चिनेनन्, संसदीय भाषमा भासिए ।

वर्तमान कालखण्डका नेपाली नेताहरू मात्र पुतनाभन्दा कम छैनन् । सार्वभौम जनता भनेका श्रीकृष्ण नै हुन्, नेता जनतालाई विषपान गराइरहेका छन् तैपनि जनता नेतृत्वपंक्तिलाई सिंहदरवारको बेलायती बैठकदेखि शितल निवासको अमेरिकी कालिनमा आसिन गराइरहेका छन् । चुनाव यिनैलाई जिताए, मानौं यिनीहरू भगवानका पनि भगवान हुन्, जनताका आदरणीय छन् । कुनै नेता रत्नमाला बन्न सकेनन् । राजनीतिमा पाप गरेर राक्षस जुनी भोगिरहेका छन् ।

यी लोकनेता हुँ भन्ने जो कसैले जनतालाई जनार्दन सम्झेनन् । यसकारण त जनताले पाउनै पर्ने प्राथमिक सुविधासमेत पाउन सकेनन् । यिनले लोककल्याणकारी राज्यका सिद्धान्त जनतामा लागू गराएनन्, लोकले पाउनुपर्ने सेवा र सुविधामा यिनले डकैती गरिरहे । लोक लुटिरहे ।

जनता नेतालाई राम सम्झिरहेका छन्, राम बन्नुपर्ने नेता रावण बनिरहेको छ । जनता नेतृत्वमा भगवान देखिरहेको छ र आफ्ना भाग्यबिधाता मानिरहेको छ, तर यी प्रजातन्त्रका भगवान अवतारहरू राक्षसी चरित्रले जनतालाई डसिरहेका छन्, चुसिरहेका छन्, मर्नु न बाँच्नुको दोसाँधमा हुटहुटी र छटपटीमा पारिरहेका छन् । मानौ राजनीतिक नेतृत्व चल्लाका लागि चीलजस्ता हुन् ।

बिकल्प छैन नागरिकसँग । यिनै नेता सुध्रेलान्, चरित्रवान बन्लान् र लोकतन्त्रको गरिमा र महिमा टल्काउलान् भनेर अझै पनि हिरा मानिरहेका छन् । हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ, तर हाम्रो राजनीतिक आकाशमा कालो बादल त पर्याप्त छन्, चाँदीको घेरा देखिदैन । जे छन्, हिरा भनिएका उही पत्थर छन् । सबै पत्थर कहाँ हिरा हुन्छन् र ? हामी किरालाई हिरा भनिरहेका छौं र यी लामकिराहरू जनता र देशलाई खोक्रो र धोत्रो पारिरहेका छन् ।

जनतामा संचेतना र सतर्कता, बिरोध र बिद्रोह उठेको छैन ।

मान्छेभित्र कर्म, धर्म, मर्म र पीडा हुन्छ । त्यो पीडालाई कम गर्ने पद्धति अँगालिन्छ । पद्धति सुनजस्तो छ तर सुनलाई गहना बनाउने पारंगत कारिगर नभएपछि सुन किचिन्छ, नेप्टो थेप्चो हुन्छ । हाम्रो लोकतन्त्रको हालत किच्चिएको सिलावरे थालजस्तो भइसक्यो । लोकतन्त्रका चालकहरूले आफ्नो कर्म र धर्म मार्गमा नहिडेपछि सवारी दुर्घटना पर्ने खतरा हुन्छ । विवेक, बल र बुद्धिमाथि स्वार्थले प्रधानता पाउँदा हामी जोखिममा छौं, यतिबेला हामी र हामीले अँगालेको पद्धति जोखिममा छ । राष्ट्र धरापमा छ ।

महाभारतमा एउटा प्रसङ्ग छ- अस्वस्थामाको । द्रोणाचार्यको हत्या भएपछि जंगिएका अस्वस्थामाले पाण्डव शिविरमा पुगेर लहरै सुतेका पाँच जनाको बध गरिदिए । तर ती पाण्डव थिएनन्, द्रौपदीका ५ पुत्र थिए । यो थाहा पाएपछि अर्जुनले अस्वस्थामाको हत्या गर्न तैयार भए । यो देखेर द्रौपदीले सम्झाइन्, हेर अर्जुन, अस्वस्थामा मारेर मेरा छोरा फर्कदैनन् । मसँग मेरा पाँच पतिको सहारा छ । तर अस्वस्थामालाई मार्‍यौ भने उनकी पत्नी बेसहारा हुनेछिन् । नमार । नमार ।

जनताका सामु यस्तै धर्मसंकट छ । तथापि जनता आक्रोसित भएका छन् ।

हाम्रा नेता अस्वस्थामा बनेर जनताका सहारा धमाधम ढाल्दैछन् । न राजाको, न धर्मको, न शासन प्रशासनको कसैको पनि सहारा छैन आमनागरिकका लागि । तैपनि यिनले यिनै अस्वस्थामा रूपी नेताहरूलाई सहारा मानिरहेका छन् । समयले, मानव धर्मले पनि नेतालाई जनताको देशको सहारा बन्न निर्देशित गरिरहेको छ । हाम्रा नेता छन् तर गुट, फुट र लुटमा रमाइरहेका छन् । यिनलाई न राजनीतिक धर्म, न राजनीतिक नैतिकताको बन्धनले बाृध्न सकेको छ । कुनै दिन चितवनमा ध्रुवे हात्तीले बर्बादीको ताण्डव देखाएको थियो । हाम्रा नेतृत्वगणले निरन्तर हामीमाथि भ्रष्टाचार, अनियमितता, कमिशनखोरी र माफियागिरी चलाइरहेका छन् । यी अस्वस्थामाजस्ता अपराधीहरूलाई जनताले द्रौपदी बनेर कहिलेसम्म माफी दिइरहने ?

उपयोग गर्नसके केपी ओलीका सामु चमत्कार देखाउने अवसर फेरि आएको छ । जीवनको उत्तरार्द्धमा ओलीले करामत गर्न सक्छन् । पटक पटकको असफलतापछि सत्ता परिवर्तनले ल्याएको यो अवसर चार दिनको चाँदनी नहोस् । राजतन्त्र र हिन्दूधर्म फालेपनि शान्ति र निर्माणका धरोहर ठड्याउने एउटा पनि चमत्कार अहिलेसम्म देख्न पाइएको छैन । यिनले जनघातको खत बोकेर भ्रष्टाचारी लत छाडेनन् भने हात लाग्यो शून्य हुनेछ । सर्वहारावाद र लोकतन्त्रको सहयात्रा फेल भयो, वाम र समाजवादको सहयात्रा के होला ? अहिले आएको यो नयाँ गठबन्धन पास हुने सम्भाबना कम छ तथापि हेरौं ?

टल्कने सबै चिज हिरा हुँदैनन् । जनयुध्द गर्ने सबै माओ पनि बन्दैनन् । ठूला कुरा गर्ने सबै मदन भण्डारी पनि हुँदैनन् । समाजबाद बोक्ने सबै जयप्रकाश नारायण हुने भए गिरिजाप्रसाद कोइरालाले भ्रष्टाचारको कलङ्क बोकेर इतिश्री हुनुपर्ने थिएन । कांग्रेसले कहिले सर्वहारावादी, कहिले बामको भरिया हुनुपर्ने थिएन ।

आफ्नो सिद्धान्तमा उभिन नसक्दाको केसम्म हुनसक्छ, यतिबेला कांग्रेसीले र सबै प्रजातन्त्रवादीका लागि देउवा दृष्टान्त बन्नपुगेका छन् । ओली तमासा देखाउन उद्दत छन्, के के देख्नुपर्ने हो ?

समानताका लागि १९६८ मा छाती थापेर गोली खाने मार्टिन लुथर किङ्जस्तै महामानव बन्ने मौका थियो नेतृत्व पंक्तिलाई । १८ वर्षम खेर गयो ।

बोल्सेविक क्रान्तिपछि रूसमा एक लाख मानिस मारिए, भियतनामको सैनिक सरकारले समाजबिरोधी भन्दै हजारौं मानिसको हत्या गर्‍यो, हिटलरले त ३ लाख मानिसलाई गिलोटिनले अचानोमा गिंडे । नेपालमा १७ हजार मानिस मारिएपछि आएको लोकतन्त्रले नयाँ नेपाल बनाउन सकेन ।

राजनीतिक मुद्दाहरूको अन्त्य कहिले, पीडितले न्याय पाउने कहिले ?

इतिहासलाई सम्झने हो भने, १९५० पछि कम्युनिष्टको 'अन्तर्राष्ट्रियवाद'को इस्पाती धारले उठाएको सोभियत रूसको छातामुनी युरोपको सात राष्ट्रले शीतल ताप्नुपर्‍यो । खुस्चेवले क्युवालाई क्षेप्यास्त्रसम्म पनि बिक्री गरे । तर, माटोभन्दा अर्को राष्ट्रवाद रहेनछ भन्ने त्यतिबेला प्रमाणित भयो, जतिबेला दुई कम्युनिष्ट रूस र चीनबीच युध्द छेडियो । त्यस्तै हो ग्लोबल भिलेज र भूमण्डलीकरणको नारा पनि । यो नाराले धनी र शक्तिशाली राष्ट्रहरूको 'आर्थिक कुटनीति'को धरापमा साना राष्ट्रहरूलाई च्यापेर सख्यअनुसारको दबदबा बिस्तार गर्दैछन् । नेपाल भूराजनीति र कूटनीतिको चेपोमा छ । खुस्चेव आणविक अस्त्र किन्न ट्रकका ट्रक डलर बोकेर अन्तर्राष्ट्रिय बजार चहार्दा चहार्दै उनले आणबिक अस्त्र किन्ने बस्तु होइन रहेछ भन्ने बुझेर ठूलो ज्ञान पाएको अनुभूत गरेका थिए । नेपाली नेताहरूले किन हत्केलाले सूर्य छेकेर छेक्न सकिन्न भनेर राष्ट्रको अस्तित्वसँग आफ्नो अस्तित्व जोडिएको देखेनन्, यो आश्चर्य हो ।

एकदिन मर्नुपर्छ भन्ने हेक्का नराखेर सत्तासुखमा बाँच्न त बाँचेका छन्, तर कति दिन ? मृत्यु त आउँछ आउँछ । मर्दा आँसु झार्ने कोही भएनन् भने त्यो मृत्यु र बाँचेको अहिलेको जनघृणा उस्तै होइन र ? वास्तवमा वर्तमान शासन प्रशासनमा रहेकाहरू हाराकिरी गरिरहेका छन् । यिनलाई यथार्थवोध गराइदिने नागरिक समाज नहुनु दुर्भाग्य हो ।

सुरूमा हिटलर राष्ट्रबादका प्रतीक थिए । स्टालिनले पनि देशकै कुरा गरे । सुरूका दिनका पोलपोटका जनवादी नीति हेर्दा उनका सामु कोही पनि जनवादी देखिन्नन् । अर्थात्, प्रत्येक निरङ्कूश शासक सत्तामा पुग्न र पुगेका केही दिन जनहित कण्ठस्थ पार्छ, जनहित नै उसको ध्येय हो भन्छ । बिस्तारै उसका कृयाकलापले क्रूरताको साम्राज्य खडा गर्छ । ०४६ सालपछि र लोकतन्त्रको १८ वर्षदेखि नेपालमा क्रुरतामात्र बढेको छ ।



# धर्म र पापको परिभाषा कसरी बुझ्ने ?



सुरेशकुमार पाण्डे

संसारमा भएका लाखौँ जीव जन्तुहरूको बिचमा मानवलाई सबैभन्दा सचेत चेतनसिल प्रराणी भनेर भनिन्छ । किनभने अरू कुनै पशु पंक्षीहरूले जीव जन्तुहरूले मानिसको जस्तो यो दुनियाँलाई बुझ्न, बनाउन, बदल्न र व्याख्या गर्न सक्दैनन् । मानिस बाँदरको विकसित रूप भएपनि मानिसलाई जित्नसक्ने अहिलेसम्म कुनै प्राणी छैन् ।

त्यसो भए अब हाम्रो कर्तव्य के हो त ? सही मी सँग धर्ती छ, आकास छ र प्रकृतिले दिएको भौतिक बस्तुहरू पनि छन् । हाम्रा आँखाले देखेका बस्तुहरूलाई कसैले कल्पना मात्र भन्छ भने हाम्रो धारणा कस्तो हुनुपर्यो ? ढुङ्गालाई कसैले चन्द्रमा भन्यो भने होइन यो धर्तीको ढुङ्गा हो भनौ कि कसैले दिएको आदेश अनुसार ढुङ्गालाई चन्द्रमा नै भनौँ ? यही मानिस र पशु बिचको फरक हुनसक्छ ।

कसले त जीवन र जगतलाई भुलभुलैँया ठान्छन् कसैले अमूल्य ठान्छन् त कसैले मूल्यहिन ठान्दछन् ।मानिसको आ आफ्नै प्रकारको बुझाइ हो । जस्तै हिन्दु, सिख, इसाई, मूश्लिम जसले पनि धर्मको जुनसुकै रूपमा व्याख्या गरेता पनि । सबै धर्मको उदेश्य भनेको एउटै हो । धर्मका ठेकेदारहरूले धर्मलाई आ-आफ्नै प्रकारले व्याख्या गर्दछन् । त्यसैको परिणाम आज मानिसहरू असली धर्म कर्मबाट बिमुख भएका छन् ।

आध्यात्मिक गुरू सत्य साइबाबा भन्छन्- "सबै धर्म पर्ति सम्मान् गर र सबै प्राणीमा इश्वरिय तत्व छ भन्ने हेक्का राख । अथवा सबैमा प्राण हुन्छ, सबैलाई दु:ख्छ । निस्वार्थ भाव राखि मन, बचन, र कर्मले निरतन्तर मानवीय सेवामा लागि रहनु, यो भन्दा ठुलो धर्म अरू कुनै छैन । अरूलाई अनहाकमा दु:ख कष्ट दिनु अरू माथि दुर्वचन बोल्नु र दुर्व्यबहार गर्नु अनि अरूको कुभलो सोच्नु जस्तो ठुलो पाप अरू छैन । मनुस्मृतिमा पनि धर्मका बारेमा १० वटा लक्षणहरू बारे प्रष्ट पारेको छ । जस्तै (धृती, क्षमा, दमोस्तेय शौचमिन्द्रियनिग्रह धिर्विधा, सत्येमक्रोधो, दशकम, धर्म, लक्षणम् ।

अर्थात- धैर्य, बिद्या, सहनसिलता, क्षमा, इन्द्रिय निग्रह, अस्तेय वा चोरी नगर्नु, क्रोध नगर्नु, पवित्र रहनु, मनलाई दमन गर्नु वा आफ्नो मनलाई बसमा राख्नु, नियन्त्रणमा राख्नु, अहस्तक्षेप वा अरूको काममा हस्तक्षेप नगर्नु । यिनैलाई धर्मको आधारभूत लक्षणहरू बताइएको छ । मानिसहरूले व्यख्या गर्दा आफ्नै स्वार्थ अनुकुल हुनेगरि ब्यख्या गरे र बुझाए । उदारणका लागि 'कसैले गरेको काममा हस्तक्षेप नगर्नु' । अब मानिसले भ्रष्टाचार, बलात्कार, हत्या गरेपनि हस्तक्षेप नगर्ने ? वा अन्याय गर्दा पनि अर्को जन्ममा सजाय मिल्छ भनेर चुपचाप सहने ? यस्तो बिचारलाई ठिकसँग बुझ्न बुझाउन नसक्दा मानिस भ्रममा पर्छन् । राम्रो काम गर्दा पो हीतक्षेप नगर्ने हो तर यहाँ त मनपरी गर्दा पनि चुप लाग्न सिकाइयो । यही बिचारलाई बुझ्नु र छुट्याउनु मानिसको कर्तव्य हो । अन्याय गर्ने मात्र दोषी होइन, अन्याय सहने पनि दोषी हुन्छ भनेर धर्मशास्त्रहरूले नै भनेका छन् ।

मानिसले भन्छन् आफै भित्र भगवान र सैतानको बास हुन्छ । यही कुरा भौतिकवादीहरूले पनि भन्छन् । धर्मशास्त्रले पनि त्यही भन्छन् । त्यसैले त मनलाई नियन्त्रण वा दमन गर्नु शास्त्रले बताएको छ । नराम्रो बिचारको उत्पती भयो भने त्यो बिचारलाई दमन् गर्ने वा नियन्त्रण गर्ने गरियो भने दुर्घटना टल्छ । त्यो आफुबाट पाप हुनबाट आफैलाई जोगाएको हो । भौतिकक्षवादीहरूले पनि त्यही भन्छ कुनै कामगर्दा परिणामको बारेमा सोंच ।

यसरी धर्म र पापको कुरा गर्दा स्वर्ग र नर्कको बारेमा पनि प्रशङ्ग उब्जिन्छ ।भनिन्छ धर्म गर्यो भने स्वर्गमा पुगिन्छ र पाप गर्यो भने नर्कमा पुगिन्छ । कसैलाई पनि स्वर्ग र नर्क कहाँ छ त्यसबारेमा थाहा छैन । किन भने जिउँदो मानिसले स्वर्ग नर्कको अनुभुती गर्न सक्दैनन् मरेपछि मात्र स्वर्ग वा नर्कमा गइन्छ भन्ने उनिहरूको बिश्वास छ । यदि मानव जीवनलाई यथार्थ धरातलबाट अध्यायन गर्ने हो भने स्वर्ग र नर्क भनेको कुनै अन्य लोक वा परलोक होइन बरू दुबै यही लोकमा भेटिन्छन् । छन् ।

कसरी भेटिन्छ त ? - रिस राग र गलत व्यवहार त्यागे र सही बाटो अगाल्नु भनेकै स्वर्ग जाने मार्ग हो र आक्रोश र घमण्डले चुर मानवीय विवेक गुमाउनु मनलाई नियन्त्रण गर्न नसक्नु भनेको नर्कको बाटो हो । मानिसहरू धर्म गर्न भनेर मठ मन्दिर जान्छन् । पूजाआजा पनि गर्छन् र दान दक्षिणा पनि चढाउँछन् तर त्यही मन्दिरको बाहिर बसेका असहाय दु:खीहरूलाई देखेर पनि नदेखेझैं गर्छन् । छि-छि दुरदुर गर्छन् । मन्दिरकै छेउमा थुप्रै व्यपारीहरूले दोकान थापेका हुन्छन् , त्यहाँबाट बजारको भन्दा महंगो दाममा फलफूल आदि किनेर चढाउँछन् । भगवानको ढोकामा बसेर मानिसलाई ठग्नेहरू भ्रष्टाचार गर्नेहरूलाई कुनै डर नै छैन् । के उनीहरूले भगवान समेतलाई ठगेका छैनन् त ? अनि ठगेका पाप गरेका जती सबै नर्कमा गएको भए त स्वर्ग त अचेल रित्तै हुन्थ्यो होला !

धर्मको अर्थ पूजापाठको पद्धति मात्र होइन त्यो त पंथ परम्परा हो । जसले जे सक्छ गर्छ, नसक्ने मन चढाउँछन् ।

कुनै अदृश्य ईश्वरलाई मान्दा पूजा गर्दा धार्मिक हुने र इश्वर नमान्दा र पूजा नगर्दा अधर्मी पापी हुने होइन । धर्म भनेको त मानवताबाद हो । सार्वभौमिकता हो । नैतिक अबधारणको सम्बन्धमा सनातन परम्परामा जीवनको लक्ष्य- निर्धारणबाट अरू स्पष्ट भएको देखिन्छ । सनातन धर्म कुनै निवृत्तिमार्गी (सन्यासमार्गी) धर्म होइन । जीवनको विविधताहरू बीच एउटा संन्तुलनको खोज धर्म हो भनेर बुझ्नुपर्छ ।

हामीले देखेका र बुझेका भौतिक साधनहरू शास्त्रहरूमा अध्ययन गरेका भन्दा फरक देखिन्छन् । अब शास्त्र अनुसार पछि फर्किने वा वैज्ञानिक अनुसार बस्तुलाई चिन्ने ? आज हाम्रो काँधमा आएको गहन जिम्मेदारी यो नै हो ।

आपत परेको वेला निकास खोज्नुपर्छ पूजापाठ होइन बरू परिस्थितिको अध्ययनले हामीलाई मुक्तिको बाटो देखाउन सक्छ । मानिसले बाँच्नकै लागि कसैको सिकार नखाए पनि बाँच्छन । तर हाम्रो समाज प्राचीनकाल देखि सिकारी थियो भन्नेकुरा आज पनि वेला-वेलामा पुष्टी हुँदै आएको छ । जुनसुकै जातका मानिसहरूले कुलकुलानीको नाममा पशुको बली दिनु भनेको आ-आफ्ना पूर्वजहरूलाई खुशी पार्नु हो । देवाली गर्दा वा कुलकुलानीको पुजा गर्दा पनि पशुको बली दिइन्छ ।

अब हामीले सोंच्नुपर्ने बिषय केहो भने ? यसलाई के भन्ने पाप की धर्म ?

अचेल हाम्रो समाजमा धेरैजसो मानिस पढेलेखेका शिक्षित बढी भेटिन्छन् । बुद्धीजिवीहरू, डाक्टरहरू वैज्ञानिकहरू हाम्रो समाजमा पनि थुप्रै छन् । राजनीतिज्ञहरूको कमी छैन । दिन रात ज्ञानका कुराहरू उपदेशहरू दिने व्यक्तीहरू हाम्रो समाजमा प्रसस्तै छन् । तर देवताको नाममा, कुलकुलानिको नाममा पशुको बली नदिनेहरू कताकति हुनसक्छन् । अब हाम्रो समाज कत्तिको धार्मिक छ होला ? बुझ्न गारो छैन् ।

आखिर धर्मको परिभाषा केहो त ? पूजापाठ मात्र गर्ने मन्दीरमा पुजा गरेर धुप बालेर घर फर्किएका महान धार्मिकले खसी पालेकै काट्नको लागि हो । बोका पालेको देवाली गर्नकै लागि हो । पहिले-पहिले परेवालाई बली दिन्थे, पञ्चवलीको चलन अदापि छँदैछ । आजकल परेवा उडाउने चलन पनि छ । कसैलाई मार्नु पाप हो भने बन्धन् मुक्त गर्नु धर्म हो ।

कुनै पनि पशु पंक्षीको हत्यागर्नु धर्म होइन बरू आफ्नो स्वार्थको लागि कसैको हत्या गर्नु पाप हुनुपर्ने । हाम्रो समाजले हामीलाई गलत शिक्षा दिंदै आएको छ । हाम्रा संततीहरूलाई हामीले जानि नजानी गलत पाठ सिकाउँदै आएका छौं । हामी आआफ्ना छोराछोरीहरूलाई हिंश्रक बनाउँदै आएका छौँ । गर्भै देखि मांसाहारी सिकारी बनाउँदै आएका छौं । अनि आफुलाई अब्बल दर्जाको धार्मिक ठान्छौँ । कुन आधारमा ? -पुजा लगाएको, लाखबत्ती बालेको वा सप्ताह लगाएको आधारमा ? कुनै मन्दीर बनाएको आधारमा ? आखिर धर्मको परिभाषा यही हो ? असहायको अपहेलना बुढाबुढी बा आमालाई वृद्धाश्रममा पठाएर पुजागर्यो भने सबै पाप कटिन्छ भन्ने मानसिकता विकास हुनथालेको छ ।

शिक्षण संस्था समेतमा सप्ताह लगाउने प्रचलन छ । यो व्यवहारले वैज्ञानिक पैदा गर्छ त देशले ? तर हाम्रो समाजले समय अनुसार ढिलो चाँडो बुझ्दै जाला । समयले बुझाउला ।

हाम्रै देशमा सतीप्रथा थियो हामीले त्यसलाई रोक्यौं किन की त्यो घोर अपराध थियो । देउकी प्रथा पनि एकप्रकारको सामाजिक अपराध थियो । जसले देवताको नाममा एउटी छोरीलाई छोड्दिने प्रथा थियो । देउमाई जातिको घरमा जन्मिएको पहिलो छोरीलाई देवताको नाममा छाड्ने कुप्रथा गलत नै हो । यसरी हाम्रै समाजले पनि गलत प्रथा कुरितीहरूलाई छाड्दै आएको छ, समाजका कुरिति परिमार्जित गर्दै आएको छ । अब यो देवताको नाममा बलि चडाउने प्रथाको पनि बिस्तारै कुनैदिन अनत्य हुनुपर्छ ।

मानव समाजले अब धर्म र पापको परिभाषाको बारेमा अध्यायन गर्ने र हामिले गर्दै आएको धर्म भनेको कस्तो धर्म हो यस बारेमा बुझ्ने वेला आएको छ । एकातिर सारा जनताले शान्ति सुव्यवस्थाका नारा लगाउँछौं तर आर्को तिर हिँशालाई आफ्नो धर्म ठान्दछौं । समाजमा जातीय बिभेद पनि छ, बोक्सी प्रथा पनि अझै हटिसकेको छैन । छाउगोठ भत्काए पनि फेरी बन्छन् । जातीय लैङ्गीय बिभेद जीवित नै छ ।

पहिलेका धार्मिकहरू बनमा ध्यान बसेर अहेम रोग निवरण औषधीको खोज गर्दथे, पहिले जङ्गलमा चरेका गाईहरूको गोबरमा औषधी र मुत्रमा पनि औषधी हुनसक्थ्यो किन की उनिहरूले घाँससङ्ग त्यस्तै औषधीहरू पनि खाएका हुन्थे । अहिले पाल्तु जनावरले अन्न खान्छन् । मानिसको र पशुको गोबर एकैनास हुनथाल्यो । यो अबस्थामा गाईको गोबर र युरिनलाई शुद्ध ठान्नु समझदारी होइन । पहिले होमन गर्नेहरू त्यस्तै प्रकारका औषधीहरूको प्रयोग गर्थे र खरानी समेत धेरै प्रकारका रोगको औषधी हुन्थ्यो । आजकल ?

अहिले धेरैजसो लालाबाला बँधुवा भएका छन् । उनीहरूलाई अन्न खाएका हुन्छन् त्यसकारणले मल यूरिनबाट उपचारको कल्पना गर्नु ब्यर्थै हो । यदि प्रयोग गरेपनि वैज्ञानिक अनुसन्धान गरेर बल्ल हामीले प्रयोग गर्दा ठिक होला । यो चराचर जगत र मानब समाजको वैज्ञानिक अध्ययनबाट सही र गलतलाई छुट्याउन सक्छौं । समय वैज्ञानिक बनेको छ ।

हाम्रो देशमा सामाजिक परम्परा अत्यन्तै रूढिबादी प्रकारको छ । स्वयम प्रशासन रूढिवादी कार्यक्रममा संलग्न हुन्छ । मन्दिरहरूमा राङ्गाहरू, बोकाहरू, सुँगुर र भेंडा आदिको बली स्वयम सरकारकै अगुवाईमा हुनेगर्दछ । त्यसलाई हामीले कुन रूपमा हेर्ने ? पाप की धर्म ? परम्परा धान्नुलाई धर्म ठान्ने कि परम्परा सुधार गर्ने ? देशका बौद्धिक पढेलेखेकाहरू वा पशु पंक्षिका संरक्षकहरू मानव अधिकारवादीहरू यसबारेमा आ-आफ्नो धारणा सार्वजनिक गरौँ । मैत्रिपूर्ण छलफल गरौँ र एउटा निस्कर्षमा पुगौं । जीव विज्ञानिकहरू र सरोकारवालाहरू लेखक र पत्रकारहरू समाजका सचेत वर्गहरूको कर्तव्य पनि त्यही हो । धर्म र पापको परिभाषालाई आम सर्वसाधारणमा बुझाउने । आखिर पूजा पाठ गर्नुमात्र धर्म हो त ? जीवजन्तु पशु प्राणीप्रति हाम्रो जिम्मेवारी छ की छैन ?

मेरो बिचारमा कसैको बलि चढाएर धर्म हुँदैन । हरेक प्राणीले बाँच्न पाउनुपर्छ । प्राणीको बाँच्न पाउने अधिकार हुन्छ । यसकारण कसैको हत्या गर्नु पाप नै हो । मांङ्स खानुनै छ भने यसबारेमा बहस चल्नुपर्छ । समाजले गर्भै देखि मासु माछा खाँदै आएको छ । तर झुट बोलेर देवता कुल कुलानीहरू समेतलाई आफ्नो पापको भागिदार नबनाउँ । बली प्रथाले संसारभरिमै हाम्रो समाजको नराम्रो संदेश पुराउँदै आएको छ । यो बली प्रथाको अन्त्य आजको आबश्यकता हो कि होइन ?

# महिना दिनभित्र राजसंस्था पुन:स्थापित हुने विश्वास

लमजुङ, बेंसी शहरमा राष्ट्र बचाउन राजधानी केन्द्रित गोलमेच सम्मेलनको आव्हान साथै देशमा चलिरहेको कुव्यवस्थाको अन्त्यको लागि सुशासनक ऐतिहासिक जिल्ला लमजुङको बेशी शहरको फुलवारी मञ्च स्थित बेशी शहरको प्राङ्गणमा छत्र दत्त जोशीको सभापतित्वमा र विष्णुभक्त तण्डुकारको प्रमुख आतिथ्यमा गोलमेच सम्मेलनको आव्हान गर्दै आमसभा सम्पन्न भएको छ ।



माया पाण्डेले स्वागत मन्तव्य राख्दै राजधानीमा गोलमेच सम्मेलनको आयोजना गर्ने निष्कर्ष सुनाइन् । ज्योति बानियाले राजासँग भएको ५ बुँदे सम्झौता लागू गर्न सरकारसंग माग गर्नु भयो ।

सो कार्यक्रममा शंकर मघैयाले माया पाण्डेले तयार पारेको "उद्योग धन्दा बन्द गरी खेतबारी बाँझो राखी, युवाहरूलाई विदेश पठाउने नीती रोक्नै पर्छ" भन्ने अवधारणा सुनाएका थिए । विष्णु सिंह डंगोलले धन्यवाद दिएका थिए । प्रारम्भमा व्यानर सहितको बजार परिक्रमा गरिएको थियो । अभियन्ताहरूले लमजुङ दरबारको निरिक्षण गर्दै लमजुङ दरबारको अवलोकन सहित प्रसिद्ध कालिका मन्दिरको ३६५ दिनै नित्य पुजा गर्दै आउनु भएका प्रमुख पुजारी पंच बहादुर श्रेष्ठले यहाँ राज्यको ध्यान गएको छैन, यसतर्फ सबैको ध्यान पुग्नुपर्छ, यो विषयमा कुरा उठ्यो, धन्यवाद भन्नुभयो ।

इन्द्र बहादुर थापाले दरबार क्षेत्रको विकास निर्माण कार्यमा भैरहेको ढिलासुस्ती र लमजुङ जिल्लाबासीहरूका आस्थाको धरोहरलाई जोगाउन यस दरबार प्राङ्गणको उचित संरक्षण र सम्वर्द्धन नगर्ने हो भने ऐतिहासिक स्थल खण्डहरमा परिणत हुने चिन्ता व्यक्त गर्नु भएको थियो ।

लमजुङका नारायण मन्दिरको परिक्रमा समेत गरेको सो अवसरमा त्यहाँको जनताहरूले भोग्नु परेको दुरावस्थालाई लिएर विभिन्न व्यक्तिहरूले देशमा राज्य संचालन दुरुस्त नभएकोले व्यवस्था परिवर्तन गर्न अति आवश्यक छ भन्दै अहिलेको कुव्यवस्थालाई परिवर्तन नगरेसम्म जनताको अवस्थामा तात्विक परिवर्तन नहुने चर्चा गरिएको थियो ।

लमजुङ, वेशी शहरमा धर्ती फाटोस्, पृथ्वी उल्टियोस्, तर १ महिना भित्र राजा फर्किने छ । राष्ट्र बचाउने र बनाउने अभियन्ता, वरिष्ठ राजनीतिक विश्लेषक, राष्ट्र चिन्तक साथै नेपाल अधिराज्यको संविधान २०४७ ले आजसम्म वैधता पाएको छ – प्रा.डा.शास्त्रदत्त पन्तको सन्देश समेत सुनाएको थियो ।


प्रमुख अतिथि विष्णुभक्त तण्डुकारले म ९० वर्षको यो उमेरमा पनि किन चारै दिशा तर्फ हिंडिरहेको छु थाहा छ ? मैले हे भगवान ! धर्मले मात्र देश र जनता बच्न सक्छ । २०५२ सालमा जनयुद्धका योजना सबै भारतमा भएको थियो, जनताले बुझ्नुपर्छ भन्नुभयो ।

अभियन्ताहरूको हात हातमा बाँडिएको मञ्जुर वर्ल्डको आह्वान-

देश बचाउन नेपाली जनताले कोल्टे फेर्नुपर्छ । राजसंस्था कमजोर हुनासाथ राष्ट्रियता कमजोर हुँदै जाने पक्का छ ।

हाल देश भयावह अवस्थाबाट गुज्रँदै छ भने जनता ज्यादै आक्रोशित साथै आक्रान्त भैरहेको कठिन परिस्थितिमा के गर्दा राजा स्थापना गर्न सकिन्छ ? भन्ने बारे छलफल चल्दा २०६३ बैशाख ११ गते राजाले २०६३ वैशाख १५ गते बोलाएको मार्गचित्रको वैठक सकारात्मकता तिर नलम्की नकारात्मक दिशातिर लाग्दा देश बर्बाद भयो ।

अधिवक्ता जुक्तिजंग लामिछानेले "झिनो आशा छ" भने मुताबिक प्रतिकुल समयमा राष्ट्रिय शहीद धर्मभक्त माथेमाका काका स्वर्गीय विश्वराम भक्त माथेमा, गोपाल शाही, रविन चित्रकार, अर्जुन कुमार मघैया, शम्भू प्रसाद लामिछाने सहित जिवित अवस्थामा रहेका शंकर मघैया, कृष्ण गोविन्द श्रेष्ठ, नीरा रंजित, रामचन्द्र श्रेष्ठ, अच्यूत गोविन्द रंजित, जुक्तीजंग लामिछाने अदालतको शरणमा गएकाले कार्यक्रममा समय दिनुहुन अनुरोध गरिएको छ ।






# In the context of introducing life profile of the Senior Citizen of Nepal
# Respectable Senior Citizen Ghana Shyam Rajkarnikar
# A successful entrepreneur and exemplary writer
# Let us follow him
## My memories as I perceived during his second Innings of life (Part 2)



**Uttam Karmacharya**
**Registered Senior Citizen member of Dulles South Senior Center Virginia The USA**

Preface
It is rare / wonderful to see a good entrepreneur as a very rich academician on literatures and renowned socially activist with dozens of appreciation and facilitation certification in response to his valuable contributions . It is paradox to me to fine such a multi-talented senior citizen in my life to date. But with my study of dozens of books and valuable information and biodata of respectable Ghana Shyamji Dai , I am wondering to find a such a multi-talented person in our society. We must follow him in the days to come. I am very proud and lucky enough to study him and discuss with him his life profile. It was really my open book live discussion, I cannot buy anywhere. Senior elderly Citizens are really our tangible and intangible cultural heritage and academic asset of our society. We must highly appreciate, respect and honor them. We must consider them as a resource open book our society. This is what I have found outstanding features and characteristics of my Senior Respectable Ghana Shayam Dai .Last year, by the way as usual I got an invitation by my friend Mr. Nil Tamrakar and his father in law Mr. Ghana Shyam Rajkarmnikar regarding the opening/ unveiling of new book entitled/ called research-based memoir 'Samjhanama Mera Purkha' (In Memory of My Ancestors written by Ghana Shayam Dai function organized by Nepal Creative writers' Society Kathamandu chaired by Shreeom Krishna Rodan at Bhatbhateni party palace


1. Attending latest book unveiling program of Respectable Ghanashyam Rajkarnikar's research-based memoir 'Samjhanama Mera Purkha' (In Memory of My Ancestors) has been launched. During the book launch event held in Kathmandu, author Rajkarnikar expressed his endeavor to honestly document his ancestral legacy, ensuring that people do not forget their roots. This memoir encapsulates the struggles faced by his ancestors, interesting anecdotes from his father's establishment of Krishna Bread / Pauroti Ptv. Ltd. and the journey from past to present.

Speaking at the event, Prof. Dr. Krishna Prasad Dahal noted that the book not only narrates the history of the writer Rajkarnikar family but also encompasses the story of industrial progress.
Poet and critic Mr. Mahesh Paudyal considered the book as the tales of Rajkarnikar's ancestors and the history of the bread industry in Nepal.
President of Nepal Srastha Samaj Shreeom Shrestha commended author Rajkarnikar for his candor in the book, especially at a time when memoir writers often tend to glorify themselves.
The book launch event was organized by Nepal Srastha Samaj.
Going through his Bio data, I came to know that he was fortunate enough to received 29 following Medals & Honors to date

1) Ratna Shree Subarna Padak (Gold Medal) 1985; 2)Sayapatri Rastriya Samman, 2001; 3) Ekikrit Paurakhh Samman, 2002; 4) Pugatabhumi Jetban Bihar Samman, 2004;5) Rastriya Nagarik Samman, 2004; 6) Nandi Vidhyarthi Kalyaan Kosh Samman, 2004; 7) Nagarik Samaj Samman, 2004; 8)Brookfield International College, Samman, 2005; 9) Rajkarnikar Samaj Samman, 2005; 10) Deepa- Janamat Samman, 2005; 11) International Shan Award Literature, 2009; 12) Mahakabi Devkota Satabdi Samman, 2010; 13) Dayitwa Bangamaya Samman, 2011;14) Dharma Bijaya Padnam Samman, 2011;15) Bhanubhakta Dwisatabdi Samman, 2015;16) Bhanubhakta Dwisatabdi Gold Medal 2015;17) Mahakabi Devkota Puruskar Rs. One Lakh and Samman, Govt of Nepal, 2014;18) Ek Wada Jatra Byabasthaapan Samman, 2016;19)Prahari Dwaimasik Samman, (with cash) 2017;20) Samisahitya Sadhana Samman Ra Puruskar One Lakh One Hundred One, 2016;21) Baijayanti Srasta Samman, 2017; 22) Leeladhoj Thapa Sahitya Pratisthan Srasta Samman, 2018;23)Sankar Lamichhane Nibandha Puruskar, 2018; 24) Aathaun Chhatparba Samaharoha Samman, 2018; 25) Sarbokrista Nibandha Puruskar, 2019; 26) Nayi Rajat Mahotsab Padak, 2021;27)Dr. Taranath Sharma Niyatra Samman, 2021; 28) Bhadnu- Tulsidas Samman, 2022 and 29) Nandi Madhyamik Vidyalaya Samman, 2022

His Hobby and Recreation were found as:Travelling, Reading, Writing Meditating, and Listening to Music.
He was mostly inspired by Lord Buddha and His Teaching.

He has Published a number of Literary, Industrial & Economic articles published in various magazines Journals & papers.
He has already published 16 Books:
1. Kehi Chintan Kehi Manthan (Collection of different articles), 1979;
2. Videsh ko Yatra Swadesh ko Samjhana (Travelogue) 1981;
3. Desh Pradesh ko Bhramana (Travelogue), 1986
4. Pabitra Samjhana Aamako (Reminiscence), 1986
5. Samjhana ko Laharma Laharindai Janda (Reminiscence), 1996
6. Baudha Tirtha Yatra: Nalanda Dekhi Lumbini Samma (Travelogue), 2003
7. Gajaraj Rajkarnikar ko Bansawali (Research), 2004
8. Anubhab Ra Abhibyakti Maa Ghana Shyam Rajkarnikar (Interview collection), 2005
9. Buddha Jyoti Kaa Kehi Rashmi (Essay), 2007
10. Yatra America Ko : Maya Nepal Ko (Travelogue), 2012
11. Yatra Ko Laharima Hiunphool Ki Rani (Travelogue), 2017
12. Ghana Shyam Rajkarnikar Ka Pratinidhi Yatra, 2019



13. Ghaamai Pyaro Aamai Pyaro (Children Travelogue), 2019
14. The Buddha - Great and Grandeur (Essay) Translated) 2022
15. Mother Who Taught Me How to Live (Reminiscence) (Translated) 2021
16. Anand Buddha Pratimakar: Krishna Bahadur Rajkarnikar (Essay), 2022

He was also Editor Buddha Ko Samjhana Kalyan Ko Kamana (collection of articles on Buddha and Buddhism), 1982 And Rajkarnikar Smarika, 2005

Associate with the following:
Founder of Rajkarnikar Samaj, 2000, Founder Chairman of Society for Buddhist Discourses, 2012
Co-Patron of
1. 'Situ' (Newari Literary Journal), 1986
2. Nepal Sahitya Mandir (Literary Institution), 1995
Advisor of
1. Kamal Pokhari Tole Sudhar Samiti, 1990-1993
2. Bhanubhakta Aacharya Dwisatbarsiki Samaroha Samiti, (Ministry of Culture, Tourism & Civil Aviation) 2013
3. Nandi Madhyamik Vidyalaya, 2021
4. Manmati Saahitya Samaj, 2021
Treasurer of Nepal Tourism Journalist Association, 1992-1994
Trustee Member of Nepal Vipassana Kendra, 2003-2004
Founder Member of Nepal Pauroti Sangh
Life Member of following organizations:
1. Nepal Red Cross Society
2. Sahityik Patrakar Sangh
3. Srijansil Sahityik Sangh
4. Nepal Bal Sahitya Sangh
5. Dharmodaya Sabha
6. 'Aabhibyakti' (Literary Journal)
7. 'Bhanu' (Literary Journal)
8. Sunkoshi Sahitya Pratisthan (Literary Journal)
9. Soonsari Sahitya Pratisthan (Literary Journal)
10. 'Janamat' (Literary Journal)
11. 'The Dharmakriti' (Buddhist Monthly Journal)
12. Geeta Samudaya Prakashan Sanstha
13. 'Nava Kabita' (Literary Journal)
14. Kausiki (Literary Bio-monthly Journal)

Respectable Ghana Shyam Dai and Madam Shanta Rajkarnikar were blessed with five lucky daughters and eight grand children.
1. Their first daughter Reena Rajkarnikar was married to Mr. Neel Tamrakar;
2. Second daughter Deepa Rajkarnikar was married to Mr Pravin Tamrakar
3. Third daughter Pragya Rajkarnikar was married to Sushil Shrestha
4. Sudarshan Man Shing Shrestha
5. And the fifth daughter Pooja Rajkarnikar was married to Mr. Sudeep Sikhrakar

The grand parents were so fortunate to have eight grandchildren namely
1) Aashrayae Tamrakar
2) Ojash Tamrakar
3) Hridayesha Tamrakar
4) Suyesha Shrestha
5) Rayaan Man Singh Shrestha
6) Subhans Shrestha
7) Shrayaan Sheekhrakar
8) Unnamed Newly born girl baby (just 28 ) days old)

Dear Respectable Dai, we are expecting more and more books and social activities in the days to come . We have special advance congratulation . We wish him to celebrate all five level of Ratharohans. We knoe that he had already celebrated two Ratharohans as Surya Rathaarohn / Bhima Rathaarohan and Chandra Rathaarohan . We all wish his three more Rathaarohan as Deva Rathhaarrohan ; Mahadev Rathaarohan and Shakti Rathaarohan .

---

*(Professor Dr. Uttam K. Karmacharya presently working as a Board of Director of Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science. Prof. Dr. Uttam Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA), Nepal.*

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 14 **Against the Law**

This is all that has happened. It is a natural and free political evolution of the people of Sikkim in the direction of internal democracy and closer links with neighboring India. This is entirely in accordance with the wishes of the people of Sikkim as expressed in their elections.
It goes without saying that India has not annexed Sikkim. The plain fact is that Sikkim is still outside the territory of the union of India. The Chinese allegation that India has annexed Sikkim is, therefore, clearly mistaken.
But Mrs Gandhi thought otherwise. Desperately groping for justification, shedding all sense of history or logic, even caution, she compared associate statheood for Sikkim with Pakistan's seizure of the two tiny principalities of Hunza and Swat and with China's absorption of Tibet, further damning herself by gloating: "China has -not even been able to establish complete control over Tibet." It was evidence of her view of realpolitik, unblemished by any considerations of law r morality. When she again repeated that with a British gun salute and as a member of Narendra Mahal, Sir Tashi was just another Indian prince, the Chogyal wrote to point out the discrepancy between her views and those of her government's UN representative:
If your Excellency's statement of Sikkim is correctly reported,. it confirms my worst fears which I placed before you with regard to the comments on the Government of Sikkim Act 1974, and my views on the effect and interpretation of the 35th amendment to' the Indian constitution. It would also confirm that India's action in the past two years had as its main object the destruction of Sikkim as a country and the unilateral and arbitrary integration of our country with India, disregarding the true wishes of our people which can be ascertained only through a direct reference to them, and the Indo-Sikkim treaty.
He need not have worried. For hough India might believe it had attained the old of permanent association through seemingly constitutional means, Hidayatullah's 23-page note explained that the process was so flagrantly illegal as not to affect the kingdom's juridical position at all:
In the opinion of counsel the status of Sikkim in international law before and after the constitutional amendment in India remains exactly the same. Sikkim's international distinct personality is unaffected, and it is a protectorate as before. In the discussion the expression "associate state" has been used. It will be noticed that Sikkim has not become an Indian state or union territory. Sikkim is not included in the first schedule of the constitution where the states and union territories are named.
Describing the constitutional changes that had been effected, the lawyer continued:
But the collocation of the [Indian constitutional] articles has no bearing on Sikkim. In any event the Indian constitution cannot be relied upon to alter Sikkim's status. Another treaty can only change the treaty of 1950. Schedule 10 cannot be cited for Sikkim in view of what I have said above because no law of one state can affect the status of an agreeing state, a party to a treaty. his is an accepted international position. The constitution binds India and NOT Sikkim. What binds Sikkim is the Government of Sikkim Act alone and the deliberations and resolutions of the assembly if they can be regarded as valid under the constitution of Sikkim, and the request of the Sikkim chief minister if valid... In the opinion of counsel the status of Sikkim is that of a protectorate with internal autonomy curtailed only as far as the treaty speaks, and this denotes a distinct international personality as before. The expression "associate state" does not figure in the constitutional amendment which uses the expression "associated with the union". The expression "associate state" is a recognized international expression.'
There was more in this vein, Hidayatullah discussing various forms of protector ship and association, none of which required either party to surrender or submerge its sovereignty. But the India-Sikkim link was different. "The 'association' here is not of this character but is an attempt to unify legislative and executive administration by affording legislative participation to Sikkim and to increase executive control of India over Sikkim". This was a "journey to-wards becoming a colony," he said, while "India made its journey the other way when it became an original member of the League of Nations, just as Bhutan has done".
International authorities on the rights and responsibilities of associated states, and of protecting and protected powers were not, he said, of the opinion that one country's subjection to the general
***protecting power of another country destroyed or extinguished the first country's own juridicial personality. Legal experts, the Hague court, and the UN had upheld this view as Waldock had earlier done in his brief to the Chogyal :***
To conclude, therefore, Sikkim enjoyed an international personality and still does so, although sovereignty is shared. This is as a result of historical association with India even prior to the Indo-Sikkim treaty of 1950. This still continues in spite of the events of 1974 and the amendment of the Indian constitution. Hidayatullah did not think Kazi's request had any force because the Chogyal's prior approval had not been obtained, and no request could be made except in the ruler's name. Bui even if it were genuine, the Indian parliament could not prescribe MPs from Sikkim since the 1974 Act said nothing about parliamentary representation. The Indian amendment could not, therefore, apply to Sikkim. The two countries had distinct and separate constitutions, and no MP could swear allegiance to both. The only way in which Sikkim could be associated with India was for the assembly in Gangtok to amend the i974 Act with another law providing for parliamentary representation in New Delhi. He added:
The Indo-Sikkim treaty is not being observed in its spirit and letter. India has unilaterally accepted additional responsibilities and opened the door to two Sikkimese in its parliament, and this is not in the treaty. Similarly there is no provision for election of such members to parliament in the Government of Sikkim Act 1974. The tenth schedule to the constitution cannot replace the treaty in the matter of relations between India and Sikkim. contd...

# साम्यवाद र पुँजीवादको गलफन्दा



डा. शास्त्रदत्त पन्त

जलऊर्जालाई व्यापारी बस्तु नमानेर अरू मुलुकमा मनग्य माग भए पनि भारतले बाटो दिएन, जसको कारण विदेशी लगानी भित्रिन सकेन, नेपालले ऋण पाउन सकेन । चीनले सहमति दिने भएपछि मात्र बिजुली पनि व्यापारी बस्तु मानेर निर्यात गर्न पाउने भयो, सन २०१८ मा । अझै पनि सुनियन्त्रित जल (टेम्ड वाटर)लाई पनि जलकर तिर्न भारत राजी छैन । निःशुल्क प्रयोग गर्न पाउनुपर्ने अडान कायम छ । नेपालले वातावरणीय र पर्यावरणीय क्षति सहेर नियन्त्रित गरेको पानीलाई यदि तल्लो तटीय भारतले प्रयोग गर्छ भने नेपाललाई शुल्क तिर्नै पर्दछ, अन्यथा अवरोध रहित समुद्रसम्म जानदिनु पर्दछ । त्यसो गर्न बंगलादेश तयार छ तर भारतले लौरो तेर्स्याएर छेकेकोछ, हठ लिएको छ । यी आदि कारणले राजा वीरेन्द्रको वंश नाशको कारण बन्यो, नेपालको राजनीति नै भत्काउने योजना भयो, नाङ्गो षडयन्त्र बनाइयो । स्वार्थी र पदलोलूप नेपाली दल नै त्यसमा प्रयोग भए ।

सिक्टा, कनकाई, कर्णाली, अरूण ३, कोहलपुर-महाकाली राजमार्गहरू नमुनाका रूपमा लिन सकिन्छ । त्यस्तै भारतको मिलोमतोमा पश्चिमाहरू समेतको सहभागिताबाट पञ्चेश्वर, केयुकेएल, मेलम्ची, स्टाफ कलेज, सारनाथ-वनपरियोजना आयोजनाहरू नमुना उदाहरणका रूपमा लिन सकिन्छ । कर्मचारीको दरबन्दी कटौती, निजीकरण, उदारअर्थनीति, प्रशासनिक हस्तक्षेपका उदाहरणका रूपमा लिन सकिन्छ । शानेवानी, नेबैलि, खानेपानी, कोहलपुर-महाकाली, राबावैङ्कसंचालन समेत विदेशीलाई नै दिनुपर्ने पनि ठाडो हस्तक्षेपका नमुना उदाहरणका रूपमा लिन सकिन्छ ।

अर्कातिर राष्ट्रका तथाकथित दातृ राष्ट्रले दलहरूसँग पटक-पटक स्पष्ट कार्यक्रमको माग गरेका हुन् । प्रजातन्त्रलाई संस्थागत गर्न अरबौं रकम अनुदान पनि दिएकाहुन् तर ती दलमा प्रजातान्त्रिक अभ्यास हुनुको बदला दलीय तानाशाही, निर्वाचनविहिनता, कानूनी राज्यको उपहास हुँदै गएको छ । यो भारतकै कारण नपूर्वको न पश्चिमको भएको छ । तस्कर र डनबादमा फँसेको छ । यस्तो अराजक अशान्तिबाट उम्कन विश्वका सबै देशलाई त्यस देश अनुकूलको राजनीति पद्धति चाहिन्छ । नेपाललाई मिल्ने राजनीतिक व्यवस्था आफ्नै मौलिक परिवेशमा चाहिने धेरै कारण छन् । नेपाल दुई ठूला छिमेकी देशका बीचमा छ । दुवै देशको भूगोल, भाषा, धर्मसंस्कार राजनीतिक व्यवस्था अलग-अलग छन् । तिनको रहनसहन, धर्मसंस्कार पनि फरक छ । नेपालले दुवै देशसँग सुमधुर सम्बन्ध कायम गर्नै अनिवार्य हुन्छ । त्यसको लागि दुवै देशको भन्दा भिन्न राजनीति व्यवस्थाको आवश्यकता पर्दछ । नेपाल भारतले युरोको अनुकरण गर्न त्यहाँको भूगोलले, आहार र रहनसहन केहीले पनि मिल्दैन । फलतः आज पौरस्त्य शासन पद्धति पाखा लागेको छ । केवल पूजीवाद र साम्यवादका बिच तनावग्रसत छ । वास्तवमा ती एक अर्काका पूरक हुन् भन्ने कुरा कसैले महशुस गर्न सकेको छैन । औपनिवेशिक सोच र मेकाउलेको पद्धति विरूद्ध पृथ्वीनारायण शाहले थालेको असली हिन्दुस्तानको कुरा औपनिवेशिक सोचबाट ग्रसित आजको दलीय नेताले बुझेनन् । भारतका ज्योती बसुले यो कुरोलाई ढिलो बुझेर भनेका थिए -"अब दक्षिण एसियामा साम्यवादको सम्भावना छैन, वर्गविहीन समाजको कल्पना धेरै पहिलेको कुरा हो डछ।" आजकल विकासोन्मुख देशको राजनीति आ-आफ्नो देशको खाँचोलाई नभएर विकसित देशको आवश्यकता अनुसार नवउपनिवेशका रूपमा चलेको छ । दाता राष्ट्रले अफ्ना कुरा लदाइ रहेका छन् । औपनिवेसिश व्यवहार गरिरहेका छन् । गै.स.स. मार्फत मनग्य दबाब दिइरहेका छन् । बारम्बार बाध्यात्मक प्रतिबद्धता जाहेर गर्न लगाएका छन् । निर्देशन नमाने आपत्ति प्रकट गर्दछन्, स्वीकृत ऋण रोक्दछन् । यसरी राजनीति र विकास दुवैमा विदेशी शक्ति हावी भएकोले नेपाल धेरै पछाडि परेको हो । फलतः दलहरू कार्यक्रम र नीति विहीन छन्; व्यक्तिवादी छन् ; क्षमता विहीन छन् ; सिद्धान्त विहीन छन् ; जन चाहना विपरित छन् । देश विपन्नतम हुँदै गएको छ ।

प्रकृतिले प्रत्येक व्यक्तिको रूप, आकार प्रकार, आवाज, बानी बेहोरा र सोच समेत एक अर्कोसँग नमिल्नेगरी निर्माण गरिदिएको छ । प्राकृतिको यो नियमलाई मान्ने हो भने पनि आ-आफ्ना देशमा आफैं निर्मित पद्धतिको खाँचो पर्दोरहेछ ।

जसरी जुम्लामा स्याउ फल्दछ भनेर झापामा स्याउ खेती गराउनु वा झापामा केराखेती राम्रो भएका भरमा जुम्लामा पनि केराखेती गराउनु अनुपयुक्त हो त्यसरी नै आ-आफ्ना देशमा नमिल्ने आयातित राजनीति पद्धति अनुपयुक्त हुन्छ । त्यसमा व्यक्ति वैयक्तिक बिचारमा स्वतन्त्र हुन्छ । विश्वस्तरमा सबै देशलाई पुऱ्याउने सही दर्शन यही हो । यसले कुनै पनि देश कुनै भन्दा पछि नपर्ने र कुनै पनि नागरिक कुनै पनि नागरिकभन्दा पछि नपर्ने गराउँछ ।

पूर्व र पश्चिम अलिकति कोट्याएर हेरौं । जुन बेला युरोप सामन्तवाद र चर्च (धर्मराज्य) को उग्र चपेटामा थियो पौरस्त्य शासन व्यवस्थामा यी कुनै कुरा थिएनन् । यहाँ पूर्णज्ञान, अमन चयन र सुख शान्ति थियो । सन १८३२ मा लर्ड मेकाउले भारत आएका थिए । त्यस अवस्थासम्म पौरस्त्य शासन पद्धति कायमै रहेको कुरा उनकै प्रतिवेदनले पुष्टि गरेको छ । युरोपमा वैदिक सभ्यता हराउँदै जान्छ, भौतिकवादले जरा गाड्दछ । त्यहाँ विभिन्न वर्गमा मानिस विभक्त हुन्छन् । वर्ग विभाजन नै वर्गसङ्घर्षको कारण बन्दछ ।

यता जम्बुद्वीप भारतवर्षमा रामराज्य थियो । त्यो कस्तो उच्चकोटीको थियो भन्ने कुरा सन् १८३२ को भारतवर्षलाई कसरी अधिनस्थ गर्ने भन्ने रणनीतिक अध्ययनमा आएका लर्ड मेकाउलेको प्रतिवेदनले नै प्रमाणित गरेको छ ।

हिमवतखण्ड नेपालमा कोही सामन्त, कोही शोषक थिएन । यो वैदिक समाजवादको आदर्श राज्यको पथमा अग्रसर र अडिग थियो । अझ आश्चर्यको कुरा त आज तिनै पश्चिमा देशका बिकृत मनोदशा भएका मानिस आएर मानव अधिकारको कुरा सिकाई राखेका छन् । जबकि यहाँका नारीलाई देवी मानेर पूजा गर्ने, बराबरी शिक्षा र अधिकार दिने, २५ वर्ष पुगेपछि मात्र गृहस्थारम्भ गर्ने नीति थियो । त्यस्तो उच्च पौरस्त्य सभ्यता भत्काएर यहँका नारीलाई उचालेर घर-घर, लोग्ने-स्वास्नी, बाबु-छोरी, दाजु-भाइका बीचमा रडाको मच्चाउने नारी हकका सल्लाहकार तिनीहरू नै छन् । भौतिक उपभोक्तावादको पछ्यौरी ओडाएर तेश्रो मुलुकमा बितण्डा मच्चाईरहेका छन् । यो प्रथम विश्वले लादेको तेश्रो मुलुकको समस्या हो । यो अन्यायी उपनिवेशबादी शासनको राम्रो ज्ञान भएका पृथ्वीनारायण शाहले पश्चिमा भौतिकवादीको छायाँ परिनसकेको गङ्गामैदान उत्तरको भागलाई पौरस्त्य शासन व्यवस्था कायम गराएर असली हिन्दु राज्य (वैदिक रामराज्य ) कायम गराउन तल्लीन थिए । आज औपनिवेशीक सोचले ग्रसित, पश्चिमाका दासले उनलाई उपनिवेशवादी, सामन्तवादी, शोषक भनेर शान्ति र सभ्यतालाई बिथोल्ने काम गरेका छन् । वैदिक साम्यवादको आदर्श राज्य कायम गराई राख्ने, वैदिक सम्पदा जोगाई राख्नैपर्ने नेपाललाई उल्टै धर्म निरपेक्ष, गणतन्त्र, साम्यवाद र पूँजिवादको गलफन्दा भिराइ दिइएको छ ।

## अपर मुस्ताङमा पर्यटकको भीड



अपर मुस्ताङमा पर्यटकको भीड लागेको छ । आन्तरिकभन्दा बढी अन्तर्राष्ट्रिय पर्यटकहरू अपर मुस्ताङ पुगिरहेका छन् । अपर मुस्ताङमा ९ महिनामा एक लाखभन्दा बढी पर्यटक भित्रिनु नेपालमा पर्यटनको कुन महत्व रहेको छ भन्ने उदाहरण हो । मुस्ताङ- अन्य कुनै स्थानभन्दा बढी पर्यटन आकर्षणको केन्द्र पहिले देखि नै रहेको थियो । मुस्ताङ् नै पर्यटकको रोजाइमा किन पऱ्यो ? यो अहं प्रश्न हो । मुस्ताङमा कूटनीतिज्ञ र पर्यटकको भीड जहिले पनि लाग्छ । चीनसँग सीमा जोडिएको ८ हजार ४ सय मिटरको उचाइमा थोराङ-ला पास, मुक्तीनाथ मन्दिर, कागबेनी, कोराला सीमा, लोमान्थाङ, सिञ्जा जोड गुफा, जोम्सोम, धुम्बा ताल, थिनी, मार्फा र लेटमा पर्यटकहरूको चासो बढी हुनेगरेको छ । चीनको तिब्बतसँग जोडिएको र सबैभन्दा निकट रहेका कारणले पनि अपर मुस्ताङ्मा पर्यटकको भीड लाग्ने गरेको हो । यो क्षेत्रलाई संवेदनशील क्षेत्र पनि मानिन्छ ।

## आर्यघाटमा मृत्यु उत्सव !




मान्छे मर्दा उत्सव । यस्तो दृश्य पशुपति आर्यघाटमा देखियो । मृतकको शव अगाडि राखेर पशुपति आर्यघाटमा यसरी नाच्दै, गाउँदै रमाएको पनि देखियो । डेथ सेलिब्रेसन, मृत्यु उत्सव रे । यो आधुनिक सभ्यता हो कि मानवीय संवदेनहीनता, समाजको संस्कृतिमाथि प्रहार हो ? मृत्यु उत्सव मनाउनेहरूले भोलि भोलि सामाजिक मर्यादा नाघेर उत्सव नमनाउलान् भन्न सकिन्न । तर कोही बोल्दैनन् किन ?

# नेपालको सीमा विवादको उतारचढावबारे ऐतिहासिक विकास क्रम यस्तो रहेछ

सन् १९६२ को अक्टोबर-नोभेम्बर ५ हप्ता भारत-चीनबीच सीमा युद्ध भयो । पराजित भएपछि भारतले हाम्रो लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रमा भारतीय प्यारामिलिट्री फोर्स राखेर हाम्रो भूभाग अतिक्रमण गऱ्यो । इन्डो-तिब्बेतन बोर्डर प्रहरी पनि खडा गऱ्यो । त्यहाँदेखि हाम्रो भूभाग भारतले ओगटेर आएको छ । त्यहीबेलादेखि नेपाल-भारत सीमा समस्या फैलन थालेको हो ।

नेपाल-भारतबीच १ हजार ८८० किलोमिटर लामो सीमारेखा छ । तीमध्ये नेपालको २७ जिल्ला भारतसँग सीमा गाँसिएका छन् । तीमध्ये २४ जिल्लामा तेरो-मेरो, अतिक्रमण, वादविवाद, लेनदेन इत्यादि देखिन्छ । नेपालको क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्गकिलोमिटर भन्दा बढी क्षेत्रफलमध्ये ६०६ वर्गकिलोमिटर क्षेत्रफलमा भारतले अतिक्रमण गरेको छ ।

७१ ठाउँमा रहेका सीमा विवादमध्ये सबैभन्दा ठूलो पश्चिम दार्चुलाको व्याँस गाउँपालिका वडा नं. १ को लिपुलेक, लिम्पियाधुरा, बीचको कालापानी, नाभिडाङ, गुञ्जी, कुटी, नाभी इत्यादिको ३७२ वर्गकिलोमिटर भूभाग भारतले ओगटेको छ । नक्सामा मिलाएको छ ।

त्यस्तै नवलपरासी जिल्लाको सुस्ता क्षेत्रमा १४५ वर्गकिलोमिटर भूभाग भारतले ओगटेर बसेको छ । बाँकी रहेको ६९ ठाउँमा ८९ वर्गकिलोमिटर भूभाग भारतले अतिक्रमण गरिरहेको छ । सबैभन्दा सानो क्षेत्र इलामको पशुपतिनगरको फाटकमा आधा रोपनी जग्गा भारतले ओगटेर बसेको छ । प्रश्न उब्जन्छ- क्षेत्रफलका हिसाबले नेपालभन्दा २२ गुणा ठूलो देश भारतले आधा रोपनी जमिन पनि किन अतिक्रमण गरेको होला ? यो जिज्ञासाको समाधान गर्नुपर्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले करिब ९ वर्षअघि बंगलादेश भ्रमण गरेका थिए । त्यहाँ धेरैअघिदेखि सीमा समस्याबारे कुरा उठ्दै आएको थियो । सीमा समस्या समाधानमा जमिन सट्टापट्टा गर्ने विधि अपनाइयो । कतिवटा इन्क्लेभ (सानो सानो टापुजस्तो जमिनको भाग अर्थात् एक-अर्काको विदेशी भूमि परिवेष्ठित जमिन) हरूमा बंगलादेशको अधीनमा रहेको तर भारतीयहरू बसोबास गरिरहेका, अन्य कतिपय भारतको इन्क्लेभमा बंगलादेशीहरू बसिरहेका थिए । यस्ता इन्क्लेभहरूलाई साटासाट गरेर समस्या समाधान भो ।

बंगलादेशले भारतलाई ५१ वटा इन्क्लेभ सुम्पियो र भारतले बंगलादेशलाई १२३ सुम्पियो । यसरी निश्चित जमिनको सट्टापट्टा जस्तो गरेर सीमा समस्या समाधान गरियो । यसबाट त्यहाँ बस्ने नागरिकहरूले पनि हर्षोल्लास मनाए । किनभने बंगलादेशीले भोगचलन गरेको भारतको भूमि भारतमै आयो र भारतीयले भोगचलन गरिरहेको बंगलादेशको जमिन बंगलादेश नै गयो । यसरी गिभ एण्ड टेक गरेर समस्या समाधान भयो ।

सीमा समस्या समाधान गर्ने अन्तर्राष्ट्रिय सीमा सिद्धान्तहरूका चार तहहरू छन् । तीमध्ये पहिलो तह भनेको डायलग, डिस्कसन, डेलिबरेसन र नेगोसिएसन । सम्झौता अन्तर्गत कुनै जमिन छिमेकीलाई दिएर छिमेकीबाट पनि अर्को जमिन सट्टापट्टामा लिन सकिन्छ । यसलाई स्वापिङ अफ ल्याण्ड पनि भनिन्छ । हामीले आफ्नै लालपुर्जा भए पनि कालापानी, लिपुलेक, लिम्पियाधुराको जमिन भोग गर्न सकेनौं । सन् १९६२ अर्थात् ६० वर्ष अघिदेखि उपभोग गर्न पाएका छैनौं । अब भारतले नछाड्ने जस्तो लाग्ने भएको छ ।

छिमेकीसँग राम्रो हुनुपर्छ । किचकिच भइराख्नुहुँदैन, सीमावर्ती जनताले दुःख पाउँछन् । त्यसैले त्यो कालापानी क्षेत्रको भाग भारतलाई दिएर हामीले क्षेत्रफल र उपयोगितामा कत्ति पनि कम नहुने गरी हाम्रो झापाको काँकडभित्ताबाट बंगलादेशको सिमाना छुने टेरिटोरी पायौं भने नेपालको सिमाना तेस्रो देशसम्म पनि गाँसिन्छ । र हामीले बंगलादेशको मंगला पोर्टको पनि उपयोग गर्न पाउँछौं । अहिले हामीलाई भारतको कलकत्ता र हल्दिया बन्दरगाह र विशाखापट्टनम बन्दरगाह उपयोग गर्न दिएको छ । त्यहाँ नेपाली व्यापारीहरू आतंकित छन् ।

काँकडभित्ताबाट बंगलादेशसम्मको भूभाग नेपालले पाउनुपर्छ । त्यहाँ चिकेन नेक अर्थात् कुखुराको घाँटीजस्तो जमिन छ नेपाल र बंगलादेशको बीचमा । २३ किमी चौडा त्यो चिकेन नेकको भूमि नेपाललाई दियो भने समस्या समाधान हुन्छ, मैले भन्दै आएको छु ।

हो, कतिपयले भारत नै दुई टुक्रा हुने हो भने त कसरी मिल्छ र ? आफ्नो सम्प्रभुता रहेको जमिन एक टुक्रा पनि दिनुहुँदैन, सट्टापट्टा पनि गर्नुहुँदैन भनेर पनि प्रतिक्रिया आए । तर यस्तो भएका छन् । अंग्रेजले भारत छोडेर जाने बेला पाकिस्तान र पूर्वी पाकिस्तान थियो सयौं माइल परको । अहिले पनि अमेरिकाको एउटा राज्य अलास्का क्यानडा भएर जानुपर्छ । अरू ठाउँमा पनि यस्ता उदाहरण छन् । मन भयो भने मिल्न सक्छ । यस्तो अभ्यास पनि छ भनेर मैले भन्दै आएको थिएँ । कति साथीहरूले प्रतिक्रिया पनि दिएका थिए- आफ्नो सम्प्रभुताको सट्टापट्टा गर्नुहुँदैन भनेर ।

अब मिल्ने हो भने यसरी पनि गर्न सकिन्छ । तर हाम्रो संविधानमा अलिकति सम्बोधन गर्नुपर्छ । हाम्रो नेपालको संविधानको दफा ४ (२) मा नेपालको क्षेत्र देहायबमोजिमको हुनेछ भनेर 'क. मा यो संविधान प्रारम्भ हुँदाका बखतको क्षेत्र, र ख. मा यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र' उल्लेख गरिएको छ । अब अर्को व्यवस्था गर्नुपर्नेछ- 'कुनै जमिन सट्टापट्टा गर्न संसदले शतप्रतिशत स्वीकृति दिन्छ भने त्यस्तो अवस्थामा सट्टापट्टा गर्न पनि सकिन्छ ।'

यसरी काम गर्दा 'विन-विन' को अवस्था बन्छ र दुवै देश खुशी हुने हुन्छ । तर प्रबुद्ध व्यक्तिहरू मेरो भनाइमा नामञ्जुर गर्लान् त्यो आफ्नै ठाउँमा छ तर मैले अन्तर्राष्ट्रिय सीमा सिद्धान्तको कुराहरू गरेको छु । त्यस्तै अर्को व्यवस्था कुनै भाग निश्चित अवधिका लागि लिजमा दिने । विश्वको विभिन्न भागमा वार्षिक कम्पेन्सेसन लिएर दिने व्यवस्था पनि अभ्यासमा छन् । मिल्ने हो भने यसरी नेगोसिएसन गर्न सक्नुपर्छ ।

हामी नागरिक पनि विभिन्न खेमामा विभाजन भएका छौं । कोही उत्तरतिर ढल्किएका छन् कोही दक्षिणतिर । हामी त हाम्रो राष्ट्रमा अडिग हुनुपर्छ । कतै ढल्कनु पनि हुँदैन । भारतसँग मनोमालिन्य लिएर यत्रो वर्ष भयो हामीले भोग गर्न सक्दैनौं कि भन्ने दृष्टिकोणले मैले यो भनेको हुँ । यद्यपि वैकल्पिक व्यवस्थाहरू छन् । सम्झौताको मोडेलमा नजाँदा मध्यस्थताबाट पनि गर्न सकिन्छ ।

तेस्रो, संयुक्त राष्ट्रसंघको सेक्युरिटी काउन्सिल अन्तर्गत जियोइन्फर्मेटिक्स डिभिजनमा समावेदन गरेर पनि सीमा विवाद समाधान गर्न सकिन्छ । नक्सा अध्ययन भइराखेको छ । अन्तर्राष्ट्रिय अदालत (हेग)मा पनि जान सकिन्छ ।

तर फाइनल्ली अन्तर्राष्ट्रिय अदालतमा जाँदा दूधको दूध, पानीको पानी भएर नेपालले जित्छ तर जितेको भूभाग फिर्ता गर्नलाई समय लाग्छ । नेपाल अन्तर्राष्ट्रिय अदालतमा गयो भने लामो समय लाग्छ, धेरै पैसा खर्च हुन्छ । यो प्रक्रियामा हार्नेले जित्ने देशलाई सधैं छुरी धस्ने र गिजोलिइरहने गर्दछ ।

खर्च र समय लागे पनि हाम्रो स्वाभिमान र सार्वभौमसत्ता जोडिएको भूभाग दिनुहुँदैन भन्ने कुराहरू हुनसक्छ । तर मैले अन्तर्राष्ट्रिय सीमा सिद्धान्त र अभ्याससँग जोडेर भनिरहेको छु । राष्ट्रवादीहरूको एक चिम्टी पनि दिनुहुँदैन भन्ने धारणा उहाँहरूमै भर पर्छ ।

चीन, भारत र नेपाल जोडिएको त्रिदेशीय विन्दु दुईवटा छन्, एउटा **लिम्पियाधुरा र अर्को ताप्लेजुङको झिन्साङचुली** । झिन्साङचुलीमा कुनै समस्या छैन । अहिले नै त्रिदेशीय खम्बा गाडे हुन्छ । तर गाडिएको छैन । किनभने पश्चिमतर्फ लिम्पियाधुरामा गाडिएको छैन । यो सवाल चीनसँग जोडिएको छ ।

सन् २०१५ मे १५ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी चीन भ्रमणमा गए । चीन र भारतले लिपुलेक भञ्ज्याङबाट दुई देशको व्यापार वाणिज्य वारपार गर्ने भन्यो । किन त्यसो भन्यो ? उक्त सम्झौता गरेको बेला चीनले नेपाललाई बिर्सियो नि ! नेपालले पनि सम्झाउन सकेन, हाम्रो कूटनीति कस्तो हो ? जबकि त्योभन्दा निकै वर्ष पहिले नेपालका लागि चिनियाँ राजदूत मिस्टर योङले रिपोर्टर्स क्लबमा भनेका थिए, 'सन् १९६१/६२ मा नेपाल र चीनको बीचमा सिमांकन भएको थियो ।

त्यतिबेला कालापानी नेपालकै हो, यद्यपि त्यतिबेला पुराना नक्सा, दस्तावेजलाई बेवास्ता गरिएको हुनाले नेपालको सिमाना लिम्पियाधुरासम्म पुग्न सकेन ।' यो कुरा नेपालले पनि चीनलाई भन्न सकेनन् । अब चीनलाई पनि समावेश गरेर त्रिदेशीय विन्दुको सीमा विवाद समाधान गर्नुपर्छ ।

किनभने सन् १९६१/६२ मा नेपालको सिमांकनमा चीनले नेपाललाई प्रस्ताव गऱ्यो- नेपाल र चीनको सिमांकनको कुरा गर्दा भारतको पनि यसमा आवश्यकता पर्छ, त्यसैले भारतलाई पनि बोलाएर त्रिदेशीय विन्दु स्थापना गरौं भन्दा नेपालले भारतलाई पत्राचार गऱ्यो । तर भारतीय प्रतिनिधि आएनन् । त्यतिबेला चीनसँग सीमायुद्ध हारेको आलो घाउ थियो भारतको । त्यतिबेला छिनोफानो हुन्थ्यो र यस्तो माखेसाङ्लो रहँदैनथ्यो । त्यसैले अब चीनले पनि भूमिका खेल्नुपर्छ । नेपाल सरकारले चीनलाई पनि आह्वान गर्नुपर्छ- हामी तीनै देश मिलेर यसलाई सुल्झाऔं । चीन बोल्नुपर्छ- लिम्पियाधुरा कसको भूभाग हो भनेर किनभने यो नेपालकै भूभाग हो भनेर धेरै प्रमाण छन् । यो समस्या कूटनीतिक हो ।

सम्झौताको मोडेलमा काम गरेको हाम्रो आफ्नै अनुभव पनि छन् ?

यसअघि चीन र नेपालबीचमा सीमांकन हुँदा जग्गाको लेनदेन गरेर विवाद समाधान गरियो । ३७२ वर्ग किलोमिटर भूभाग नेपाललाई फिर्ता भएको थियो । भारतसँग सन् १९२० मा चन्द्रशमशेरले कञ्चनपुरभन्दा पश्चिमको अहिलेको शारदा ब्यारेज रहेको भूभाग भारतलाई दिएका हुन् । हामीले बर्दियाको राजापुर क्षेत्र र दाङको कोइलावासमा जग्गा पायौं । यद्यपि ३६ एकड जमिन भारतबाट नेपालले अझै पाउन बाँकी छ । यसरी जग्गा सट्टापट्टाको अभ्यास अघि पनि भएको थियो । पहिले गम्भीर समस्या भएको लिपुलेक, कालापानी, लिम्पियाधुरा र सुस्ताको कुरा समाधान गर्नुपर्छ । *-बुद्धिनारायण*

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८१ कात्तिक २७, Nov. 12, 2024




अन्तिम पातो - शाश्वत शर्मा

## आन्दोलन गर्ने अन्तिम अवसर

चाडबाड सकियो, अब आन्दोलन सुरू हुन्छन् । रास्वपा सडकमै छ, दुर्गा प्रसाईहरूले मंसिर ७ को भद्रो हेरेका छन् । पीडितहरू सर्बत्र सलबलाउँदैछन् । राप्रपाले पनि आन्दोलनको मनस्थिति बनाएको छ । प्रतिपक्षी माओवादीले हल्लाबोल गरिरहेकै छ । जनमतले पनि सडक तताउने तरखर गरिरहेकै छ । कांग्रेस एमालेको गठबन्धन तोड्न देशी विदेशी खासगरी दक्षिणी छिमेकी लागेको छ । प्रम चीन जाने निर्णय गरेपछि त दक्षिणी छिमेकी जलीमली भएको छ । अर्थात्, व्यवस्था फाल्ने र सरकार फाल्ने आन्दोलनको ज्वारभाटा देखिन थालेको छ । रास्वपाका अध्यक्ष जेलमा छन्, उनललाई छुटाउन माओवादीले मलजल गरेको देखिन्छ ।

यता राजा ज्ञानेन्द्रलाई पुनर्स्थापित गराउन चाहनेहरूले राजधानीमा अभिनन्दन गर्ने चाँजोपाँजो मिलाउँदैछन् । राष्ट्रिय शक्ति नेपालका केशर विष्टहरू राजधानीका नेवार समुदायलाई साथमा लिएर आन्दोलनको आगो दन्काउन खोजिरहेका छन् । समष्टिमा भन्नुपर्दा नेपाल आन्दोलनमय भएको छ । आन्दोलनले व्यवस्था फाल्छ कि सरकार परिवर्तन गरेर टालटुले आन्दोलन हुनेछ, त्यो समयले बताउला । राजनीतिक दल र विभिन्न खाले अभियन्ताहरूवीच आन्दोलनलाई लिएर बिबाद पनि देखिन्छ । राप्रपा, रास्वपाभित्र पनि अनेक विवाद छन् । दुर्गा प्रसाईका आन्दोलनकारीहरू पनि पातलिन थालेको देखिन्छ । यसरी टुक्रे, फाटफुटेहरूबाट आन्दोलन हुँदैन । त्यस्तो आन्दोलनबाट कुनै परिणाम पनि निस्कदैन । जबसम्म आम जनतालाई एकसाथ आन्दोलनकारीहरूले एक भएर सडकमा उतार्दैनन्, केही हुनेवाला छैन । यस्तो आन्दोलनले सरकार त परिवर्तन हुनसक्दैन भने व्यवस्था परिवर्तन कसरी सम्भव होला ?

खास कुरो जनता व्यवस्था फाल्न तैयार छन् । आन्दोलित जनतालाई सडकमा उतार्ने दह्रो नेतृत्व कतै छैन । नीति, कार्यक्रम के छ ? परिवर्तनप्रति आश्वस्त पार्ने शक्ति पनि देखिदैन । गत मंसिर ७ गते केही घण्टा ठूलै आन्दोलन भयो, आँधी थामियो, सकियो । राप्रपा र केशर विष्टहरूको पनि हाल त्यही देखियो । राप्रपाले त राजधानीहै एकजना कार्यकर्ता मारिदासमेत प्रतिकार गरेन । अनि किन आउँछन् आन्दोल नगर्न जनता ? घाइतेलाई उपचार, पक्राउ पर्नेलाई, मारिनेलाई उपचार क्षतिपूर्ति केही पनि छैन । खाली निस्तो आन्दोलन आह्वान गरयो, भाषण ठोक्यो, निषेधित क्षेत्र तोड्न खोजेजस्तो गर्‍यो घरतिर लाग्यो, यही हो राजनीति ? यो त लहडमा आन्दोलन गरेजस्तो भएन र ? यस्ता हल्का आन्दोलनले निराश जनतामा झन निराशमात्र थप्छ । दुर्गा प्रसाईका लागि पनि अन्तिम अवसर हो ।

देश अपराधमय भइसक्यो । संघ, प्रदेशका मन्त्रीदेखि उपसभामुखसम्म मानव बेचबिखनमा, प्रधानमन्त्रीदेखि हरेक नेता कुनै न कुनै भ्रष्टाचारमा दागी देखिएका छन् । कुनै एउटा क्षेत्र छैन, जहाँ आशाको किरण देखियोस् । यस्तो कहालीलाग्दो अवस्थामा गरिने आन्दोलन पनि उही गालटारा ? झारा टार्ने आन्दोलन ?

अबको आन्दोलनलाई पनि हल्का लिइयो भने, नेतृत्व भनाउँदालाई तिरस्कार गरिने छ । आन्दोलनकारीहरूले परिणाम नआएसम्म कुन प्रकारले आन्दोलन गर्ने, सडक आगो बाल्ने हो, जनबिद्रोह गर्ने हो, त्यो स्पष्ट पार्न जरूरी छ । सधैं भ्रम छरेर केही हुनेवाला छैन । सिंहदरवार कब्जा गर्ने भनेर भृकुटीमण्डपमा खबरदारी गरेर चूप लाग्ने जस्तो आन्दोलनप्रति जनआकर्षण हुनेछैन । यस्तै आन्दोलन देखियो भने स्वयम् यिनले डाँडा काटे हुन्छ । गतवर्ष जनता उत्रिए, भोलिपल्टदेखि कोणसभातिर मोडियो आन्दोलन । केशर विष्टहरूले राजधानीमा आन्दोलनको आगो बाल्ने भने, तर केही भएन । हेरौं यो पटकको आन्दोलन पनि कतैबाट लाइन नआएसम्मका लागि हो कि साँच्चै आन्दोलन हुने हो ? राप्रपा त बिभाजनकै संघारमा छ भनिदैछ । त्यस्तो पार्टीको आन्दोलन प्रभावकारी कसरी होला र ? मुख्य सवाल के छ भने सबै आन्दोलनकारी एक हुनसकेनन्, सबै तह र तप्काका जनतालाई समेट्ने प्रयास पनि गरेनन् । आआफूले आन्दोलन गर्ने र जस पनि आफै लिने आन्दोलनकारीको लक्ष्य देखिन्छ । यस्ताको आन्दोलनबाट कुनै नतिजा निस्कन सक्दैन । राज्य दमनमा उत्रेपछि आन्दोलन शिथिल हुनेछ । मुलुकलाई सही मार्गमा ल्याउने नाममा चन्दा उठाउने उद्देश्य हो भने दलहरूको सेटिङतन्त्र झन खतरनाक रूपमा अघि बढ्नेछ । साँच्चिकै परिवर्तन ल्याउने कि सामाजिक सञ्जाल, समाचारमा छाउने ? व्यवस्था पक्षधरहरूले ढाँट, छल, भ्रष्टाचार, राष्ट्रघातलाई आफ्नो नीति, सिद्धान्त बनाए, यसलाई चिर्नका लागि आन्दोलनकारीहरूले जनबिद्रोह गर्नुपर्छ । आन्दोलनकारीहरूले बुझुन्, यो अन्तिम अवसर हो ।

जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरी,

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुलो, वायोग्याँस, सौर्य उर्जाजस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहरलाई जथाभावी नफालौं,
- जैविक फोहरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्याङ्जाको धार्मिक रूपले प्रख्यात डहरे देउराली

दृष्टिकोण
देवी काफ्ले



स्याङ्जा - स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकास्थित धार्मिक रूपले प्रख्यात डहरे देउरालीमा अहिलेसम्म पर्यटन प्रबर्धनका लागि खासै पहल भएको देखिंदैन।समुन्द्री सतहबाट २,२५४ मिटरको उचाइमा रहेको डहरे देउरालीबाट हिमाली तथा पहाडी दृष्यका साथै स्याङ्जा, पर्वत र कास्कीका विभिन्न स्थानहरू सजिलै देख्न सकिन्छ । अर्जुनचौपारी गाउँपालिका-५ मा पर्ने धार्मिक तीर्थस्थल डहरे देउराली स्याङजा र पर्वत जिल्लाको सीमानामा पर्दछ । सरकारले धेरै पटक पर्यटन बर्ष मनाईरहँदा पनि डहरे देउरालीमा कसैको आँखा नपर्नु स्याङ्जा जिल्लासँगै अर्जुनचौपारी गाउँपालिकालाई पनि पर्यटन प्रवर्द्धन जति हुनुपर्ने हो त्यतिभएको छैन ।





हालै यस पवित्र मन्दिरको प्रचारप्रसार तथा मन्दिरको सौन्दर्यता तथा धार्मिक धरोहरका रूपमा कारिम्ले परिवारले एउटा आयाम थपेको छ । २०८१ असोज १७ गते घटस्थापना दिनमा कारिम्ले (जायश्वर) वंशजहरूको २० औं भेलाको निर्णय अनुसार २००००० ( अक्षरूपि दुईलाख) को लागतमा मूख्यथलो आरूचौर र सो स्थानवाट बसाई सरि चितवन, पोखरा, गैडाकोट, वुटवल र धनगढी लगायतका स्थानमा रहेका सबै वंशजहरू भेला भई पुर्व थलो कार्किनेटा र आरूचौरको बिच रहेको वालशिद्ध आश्रम मोक्षद्वारी डहरे देउरालीको मन्दिरमा घण्टी राख्ने काम सम्पन्न भयो । उक्त अवसरमा कारिम्ले वंशजका संयोजक (कार्कीनेटाबाट पाँच पुस्ता अगाडी आरूचौर बसाई सरेर गएकाले उनीहरूका सन्तानलाई कार्कीनेटा ठाउँको नामबाट कारिम्ले भनिएको हो भन्ने भनाई छ- डिल्ली प्रसाद सिग्देलले डहरे मन्दिर अध्यक्ष अशोक श्रेष्ठलाई मन्दिरको भौतिक निर्माणमा सहयोग गर्न दिएको अवसरका लागि धन्यवाद दिनुभयो । कारिम्ले वंशजले आरूचौरमा खानेपानी धारा, चौतारा निर्माण लगायत धार्मिक कार्यमा विगत देखि सहयोग पुर्‍याउदै आएको छ ।

यसैगरी कारिम्ले वंशजले कुल प्रसाद पौड्यालको सक्रियतामा चितवनको भरतपुर महानगरपालिका वडा नं ५ नारायणपुर स्थित चक्रेश्वर महादेवको मन्दिर परिसरभित्र पनि भक्तजनहरूलाइ बस्नको हेतु सिमेन्ट बेन्चहरू निर्माण गरेका छन् । कारिम्ले बन्धुहरू जमघट हुँदा सानै भएपनि कुनै एक ठाउँमा केही चिनो बनाएर छाड्ने निर्णय गर्छन् । सकेसम्म उनीहरूको प्रयास जन्मठाउँलाई नै उजेल्याउने हुन्छ ।

संयोजक डिल्ली प्रसाद सिग्देल भन्नुहुन्छ- हामी जन्मगाउँबाट भौतिक रूपमा टाढा भएपनि भावनात्मक रूपमा त्यही जन्मथलो मै छौं । यसैगरी हामीले आरूचौरलाई उज्यालो गराउन सकेसम्म सहभागी हुनेछौं ।

अहिले कारिम्ले वंशजको मन डहरे देउरालीमा छ । जति सहयोग गर्छन्,जति काम गर्छन् उनीहरूले बाहिरबाट चन्दा मागेका छैनन् ।

चारैतिर जंगल, जंगलको बीचमा झण्डै १५० बर्ष पुरानो तपस्यास्थल रहेको छ । जहाँ थुप्रै ऋषिहरूले तपास्या गरी मोक्ष प्राप्त गरेको बताइन्छ । तर पछिल्लो पटक तपस्या गरी मोक्ष प्राप्त गरेका डहरा ऋषिको भने केही इतिहास फेला परेको ४८ बर्षदेखि पुजारीका रूपमा कार्यरत पशुपत्यानन्द गिरी बताउँछन् । डहरे देउरालीको छातीका रूपमा लिइने यस स्थलमा सन्यासीका लागि आवास गृह समेत बनाइएको छ । यहाँ विभिन्न चाडपर्वका बेला भक्तजनको घुइँचो लाग्ने गर्दछ । यो पवित्र थलोलाई अझ विकसित पार्न हाम्रो प्रयास जारी रहेको छ ।

बिशेष गरी बालाचतुर्दशीका दिन यहाँ ठूलो मेला लाग्ने गर्छ । डहरे देउरालीको शीर र यससँगै रहेको अर्को डाँडाको बीचमा लगभग ५०० मिटर दूरी रहेको छ । बालाचतुर्दशीका दिन यो दूरीलाई जोड्ने गरी तोरण टाँग्ने प्रचलन छ । तोरण तार्नका लागि बाजागाजासहित स्याङ्जा र पर्वतका विभिन्न ठाउँबाट भक्तजन आउने गर्दछन् । यस क्षेत्रको धार्मिक महत्वलाई उजागर गर्ने लक्ष्यका साथ २०४३ सालमा योगी नरहरिनाथको सक्रियतामा धान्याञ्चल महायज्ञ गरिएको थियो । धान्याञ्चलका क्रममा मुक्तिनाथबाट दुई अग्निज्वाला ल्याइएको छ ।

हिमश्रृङ्खलासहित बाग्लुङ बजार, कास्कीको पोखरा, तनहुँ, पाल्पा, पर्वतको सदरमुकाम कुस्मा बजार, गुल्मी लगायतका जिल्ला पनि अवलोकन गर्न सकिन्छ । जहाँ पुग्न बुटवलबाट आउने पर्यटक सिद्धार्थ राजमार्ग अन्तर्गतको हेलुइबाट अर्जुनचौपारी हुँदै र पोखराबाट आउने पर्यटक नागडाँडा हुँदै यो पवित्र धाममा पुग्न सकिन्छ । सकिन्छ । पैदलयात्रीको सहजताका लागि ढुङ्गाले चिनेर जाने बाटो निर्माण गरिएको छ ।

स्यांग्जा जील्लाकै गौरव,पर्यटकिय क्षेत्र तथा नेपालको पहिलो होमस्टे सिरूवारीबाट नजिकै पर्ने यो ठाउँ अझै ओझेलमा पर्न दिने हो भने आन्तरीक पर्यटनको बिकास कसरी होला ? आउनुहोस् एकपल्ट डहरे देउरालीको दर्शन गर्न जाऔं ।

आफ्नो जन्मठाउँको पवित्र दिव्यधामका लागि कारिम्ले वंशजले गरेको पुण्य कर्म प्रशंसनीय छ । यसैगरी धार्मिक काममा मन लागिरहोस् । डहरे देउराली माताले सबैको रक्षा गरून् ।

जय डहरे देउराली ।

